मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक ३२६ ● २०८० साल असोज २० गते शनिबार ● Saturday 07, October 2023 ● सूर्योदय: बिहान ६:०० बजे ● सूर्यास्त: साँझ ५:४५ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

# टुक्रियो शिक्षा तथा समाज कल्याण मन्त्रालय
## जनमत पार्टी सरकारबाट बाहिरिने संकेत

**प्रमोद साह**
**जनकपुरधाम ।**
जम्बो मन्त्रालयसहित सरकार सम्हालिरहेका मधेश सरकारका मुख्यमन्त्री सरोज कुमार यादवले पुनः मन्त्रालय फुटाएका छन् । जनमत पार्टीको भागमा परेको शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई मुख्यमन्त्री यादवले एकल निर्णयमा विभाजन गरेर मन्त्रालयको संख्या बढाएका हुन् । उनले मन्त्रालय फुटाएर सातौँपटक मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् ।
शिक्षा तथा समाज कल्याण मन्त्रालयलाई फुटाएर खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाइएको छ भने अर्को मन्त्रालयको नाम शिक्षा तथा संस्कृति मन्त्रालय राखिएको छ । जसबाट मधेश प्रदेशको मुख्यमन्त्री कार्यालयमा जिम्मेवारीविहीन अवस्थामा रहेकी जसपाकी विनाविभागीय मन्त्री सुरिताकुमारी साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयमा पदस्थापन गरिएको छ ।
१२ मन्त्रालयसहित सरकार सञ्चालन गरिरहेका मुख्यमन्त्री यादवले एउटा मन्त्रालय थप गरेर मन्त्रालयको संख्या १३ पुर्याएका हुन् ।
मुख्यमन्त्री यादवले एकलौटी निर्णय गर्दै उनलाई जिम्मेवारी तोकेको प्रदेश प्रमुखको कार्यालयका पत्र पठाएको थियो भने प्रदेश प्रमुखले सिफारिस गरेसँगै मधेश प्रदेशमा मन्त्रालयको संख्या पुनः एक थप भएको हो । यस्तै, शिक्षा तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका मन्त्री महेशप्रसाद यादवलाई शिक्षा तथा संस्कृति मन्त्रालयको जिम्मेवारी दिइएको
छ । मन्त्रालय फुटाएर उनलाई यो जिम्मेवारी दिइएको हो ।
यता, जनमत पार्टी मधेश प्रदेश दलका नेतासमेत रहेका मन्त्री यादवले कुनै छलफल नै नगरी मन्त्रालय फोरिएकोप्रति आपत्ति



जनाएका छन् । उनले भने, 'मुख्यमन्त्री कार्यालयबाट मन्त्रालय फोर्न प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गइसकेको छ । तर,


नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
मधेश प्रदेश
जनकपुरधाम
पत्र संख्या : २०८०/०८१
च.नं. :
मिति २०८०/०६/१९
विज्ञप्ति
मधेश प्रदेशका माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवज्यूको सिफारिसमा मधेश प्रदेशका माननीय प्रदेश प्रमुख श्री हरिशंकर मिश्रज्यूले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मिति २०८०/०६/१७ गते देहाय अनुसारको कार्य जिम्मेवारी र कार्य विभाजन सहित मन्त्रिपरिषद् पुनर्गठन गर्नुभएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

| क.स. | नाम, थर | पद | कार्य जिम्मेवारी |
|---|---|---|---|
| १. | श्री सरोज कुमार यादव | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, |
| २. | श्री कृष्ण प्रसाद यादव | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ३. | श्री संजय कुमार यादव | मन्त्री | अर्थ मन्त्रालय |
| ४. | श्री महेश प्रसाद यादव | मन्त्री | शिक्षा तथा संस्कृति मन्त्रालय |
| ५. | श्री गोविन्द बहादुर न्यौपाने | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ६. | श्री सुरिता कुमारी साह | मन्त्री | खेलकुद तथा समाज कल्याण मन्त्रालय |
| ७. | श्री बिरेन्द्र प्रसाद सिंह | मन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ८. | श्री सिंगासन सा कलवार | मन्त्री | उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय |
| ९. | श्री रमेश प्रसाद कुर्मी | मन्त्री | वन तथा वातावरण मन्त्रालय, |
| १०. | श्री मोहम्मद शमिम | मन्त्री | गृह, सञ्चार तथा कानून मन्त्रालय |
| ११. | श्री सुनिता यादव | मन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |
| १२. | श्री चन्दन कुमार सिंह | मन्त्री | श्रम तथा यातायात मन्त्रालय |
| १३. | श्री शेख अबुल कलाम आजाद | राज्यमन्त्री | उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय |
| १४. | श्री राकर अन्सारी | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |

नि. सचिव

प्रमाणीकरण भएको छैन । मन्त्रिपरिषद्बाट समेत निर्णय भएको छैन ।' उनले मुख्यमन्त्री यादवले एकल निर्णय गरेर मन्त्रालय फुटाएको र गठबन्धन आवद्ध दलहरूसँग कुनै छलफल नगरिएको बताए । मन्त्री यादवले अब मन्त्रालय नबढाउने र नफुटाउने भनेर पटकपटक मुख्यमन्त्री यादवले आफैँले बोल्ने गरेको र शक्ति दुरुपयोग गर्दै मन्त्रालय फुटाउने एकल निर्णय गरेकाले स्वीकार्न नसकिने बताए । उनले भने, 'छलफल नगरी मन्त्रालय फुटाउने जुन खेलमा मुख्यमन्त्री लागेका छन्, यो जनताको मतको अपमान हो, यदि त्यो सिफारिस प्रमाणीकरण भए सरकार छाड्नेसम्मको निर्णय गर्न बाध्य हुन्छौँ ।'
साहलाई मन्त्रालय
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मन्त्रीका रुपमा रहे पनि जिम्मेवारीविहीन सुरिताकुमारी साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइएको छ ।
महोत्तरीबाट स्वतन्त्ररुपमा प्रदेशसभा सदस्यमा निर्वाचित नेतृ साह सर्तसहित जनता समाजवादी पार्टी नेपालमा प्रवेश गरेकी थिइन् । जसपा प्रवेश गरेलगत्तै उनलाई सामाजिक विकास मन्त्रीको जिम्मेवारी दिइएको केही महिना नबित्दै पछि जिम्मेवारीविहीन बनाएर मन्त्रिपरिषद्को कार्यालयमै थन्काइएको थियो । यस कार्यबाट उनी पार्टी र मुख्यमन्त्री सरोजकुमार यादवप्रति निकै असन्तुष्ट थिइन् । उनको असन्तुष्टि मेट्न मन्त्रालय फुटाएर मन्त्रिपरिषद् विस्तार गरिएको हो ।
जिम्मेवारीविहीन मन्त्री साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइएको छ । उनलाई मन्त्री बनाउन शिक्षा तथा समाज कल्याण मन्त्रालय फोरिएको छ । बुधबार बसेको मधेश प्रदेश मन्त्रिपरिषद्को बैठकबाट उनलाई जिम्मेवारी तोकिएको मधेश प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुघ्न यादवले बताए । मन्त्रिपरिषद् बैठकबाट सिफारिस गरिए पनि आधिकारिकरुपमा जिम्मेवारी पाउन आइतबारसम्म प्रतीक्षा गर्नुपर्ने उनको भनाइ छ । यसअघि मुख्यमन्त्री यादवले मन्त्रालय नबढाइने बताएका थिए ।
समावेशी भएन मन्त्रिपरिषद्
१२ मन्त्री र दुई राज्यमन्त्री रहेको मधेश प्रदेश सरकार मन्त्रिपरिषद्मा दलित तथा जनजाति समुदायबाट मन्त्री छैनन् । माओवादी र जसपाका दुई महिलाले सरकारमा प्रवेश पाएका छन् । मुस्लिम समुदायबाट ३ जना मन्त्री छन् । यादव समुदायबाट मुख्यमन्त्री सहित ५ जना मन्त्री छन् । तर दलित र जनजातिलाई भने सातौँपटकको मन्त्रिपरिषद् विस्तारमा पनि अवसर हात लागेको छैन ।

# वैभव
## शनिबार ४ पृष्ठको वैभव




- चुरे संरक्षण र मधेशको भाग्य भविष्यः रामचन्द्र मण्डल (क)
- केराको फूलः डा. राजेन्द्र बिमल (ख)
- शिक्षक साँचो अर्थमा शिक्षकः गोविन्द लुइँटेल (ग)
- जितिया उत्सवः ज्योति झा (घ)
- १३१ वर्ष पुरानो अस्पताल (घ)


# विधेयक संसद पुग्दा स्वार्थ समूहको सिकार भइसक्छः यादव




**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) का प्रमुख सचेतक प्रदीप यादवले स्वार्थ समूह हाबी हुँदा मन्त्रिपरिषद्को बैठकबाट पारित शिक्षा विधेयकमा संसद् पुग्दासम्म हेरफेर भएको आरोप लगाएका छन् ।
शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा विद्यालय शिक्षा विधेयक, २०८० माथि आफ्नो विचार राख्दै पूर्व वन तथा वातावरण मन्त्रीसमेत रहेका यादवले यस्तो आरोप लगाएका हुन् ।
उनले स्वार्थ समूहको हस्तक्षेपका कारण मन्त्रिपरिषद् बैठकले पारित गरेर छलफलका निमित्त संसद्मा पठाएको विधेयकमा हेरफेर भएको आरोप लगाउँदै सरकारलाई संवेदनशील हुन आग्रह गरे । पर्सा निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्यसमेत रहेका यादवले भने, 'स्वयम् प्रधानमन्त्रीज्यूले मन्त्रिपरिषद्बाट पारित भएर पठाएको विधेयक संसद्सम्म पुग्दा हेरफेर भएको स्वीकार गर्नुभएको छ । यसको मतलब हाम्रो कानुनमाथि स्वार्थ समूहको कहीं कब्जा त छैन ? कहीं स्वार्थ समूहले यो सबै कानुन बनाइरहेको त छैन ? कुनै ठूलो षड्यन्त्रकरीको हात त छैन ? यो सबै कुरामा सरकार संवेदनशील र गम्भीर हुनुपर्दछ ।'
शिक्षा मन्त्रालयले रायका निमित्त कानुन मन्त्रालयमा शिक्षा विधेयक पठाएको बेला स्वार्थ समूहले हेरफेर गरेको हुनसक्ने उनले आशंका व्यक्त गरे । 'मन्त्रीज्यूले विधेयक तयार गर्नुहुन्छ । अनि रायका लागि त्यसलाई कानुन मन्त्रलायमा पठाइन्छ । कानुन मन्त्रलायले रायसमेत पठाउँछ तर त्यसमा हेरफेर गर्न पाउँदैन । तर कहीं कानुन मन्त्रालयमा गडबडी भयो कि ? त्यसकारण यसलाई हेरिनुपर्छ,' उनले भने ।
यादवले शिक्षा विधेयक एकदमै संवेदनशील विषय भएको बताउँदै यसलाई बनाउँदा पनि संवेदनशीलता अपनाउनु पर्ने सुझाव दिए । उनले विधेयकमा रहेको १५ औँ परिच्छेदलाई पुनर्लेखन गर्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, 'विधेयकको पन्ध्रौँ परिच्छेदलाई झट्ट हेर्दा यसको पुनर्लेखन आवश्यक छ । यसमा व्यापक हेरफेर र संशोधन गर्न जरुरी रहेको महुसुस भएको छ ।'
उनले विधेयकले निजी विद्यालयलाई पालेर सामुदायिकलाई विस्थापन गर्ने ल्याइएको आरोप लगाउँदै प्रश्न गरे, 'झट्ट हेर्दा विधेयक कहीं निजी विद्यालय पाल्न आएको त होइन ? सामुदायिकलाई विस्थापन गर्न आएको त होइन ?'
विधेयक बन्दै गर्दा निजी विद्यालयले गरेको एक दिनको आन्दोलनमा सरकारले उनीहरूसँग सम्झौता गर्दा पनि सामुदायिक विद्यालयका शिक्षक काठमाडौँ केन्द्रित आन्दोलन गर्दा उनीहरूमाथि बल प्रयोग गर्नुले सरकारको नियतमाथि शङ्का उत्पन्न भएको उनले बताए । उनले विधेयक बनाउनु पूर्व शिक्षकसँग छलफलसमेत नगरेकामा पनि आपत्ति जनाए । यादवले वर्षौँदेखि संसद्मा आउन नसकेको विधयेकलाई शिक्षा मन्त्री अशोक राईले संसद प्रवेश गराएकोमा धन्यवाद पनि दिए ।

# छपकैयामा धारिलो हतियार प्रहार गरी महिलाको हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुरको मसिहानीमा भएको महिला हत्याको घटना सेलाउन नपाउँदै वीरगंज महानगरपालिकाभित्रै महिलाको हत्या भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर १ छपकैयामा ४० वर्षीया पुनम देवीको धारिलो हतियार प्रहार गरी हत्या भएको हो ।
टाउकोमा ४–५ स्थानमा धारिलो हतियार प्रहार गरी रातका समयमा महिलामाथि आक्रमण भएको र आक्रमणको ५–६ घण्टापछि समयमा उपचार नपाउँदा रक्तश्राव बढी भई महिलाको मृत्यु भएको प्रारम्भिक अनुसन्धानमा देखिएको छ । जितिया पर्वका लागि बिहानै मृतक पुनम देवीको घरमा उनकी बहिनी पुगेको र दिदीलाई रक्ताम्य अवस्थामा बेडमा लडिरहेको देखेपछि खबर गर्दा घटनास्थलमा प्रहरी पुगेको हो ।
बिहान ४ बजे घटनास्थल पुगेको प्रहरीले अचेत अवस्थामा रहेकी पुनम देवीलाई उपचारका लागि नारायणी अस्पतालमा लगेको र चिकित्सकले उपचार हुननसक्ने बताएपछि थप उपचारका लागि नेशनल मेडिकल कलेज शिक्षण



अस्पतालमा पुर्याईएको थियो । मेडिकल कलेज पुर्याउँदा चिकित्सकले महिलालाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी कुमार विक्रम थापाले बताए ।
महिलाको मृत्यु भएपछि शव पोष्टमार्टमका लागि नारायणी अस्पतालमा राखिएको छ । घरमा एक्लै बस्दै आएकी पुनम देवीको श्रीमान् रोजगारीका लागि भारतको ग्वालियरमा रहेको र छोरा पढ्न भारतकै दिल्लीमा छन् ।
अनुसन्धानक्रममा पुनम देवीमाथि राति १–२ बजेतिर आक्रमण भएको भेटिएको प्रहरीले जनाएको छ । तर उनलाई कसले किन आक्रमण ग¥यो भन्ने सम्बन्धमा सुक्ष्मरुपमा अनुसन्धान भइरहेको छ ।
यसैबीच पुनम देवी हत्या प्रकरणमा प्रहरीले एकजनालाई नियन्त्रणमा लिएको छ । हत्यामा संलग्न रहेको आशंकामा प्रहरीले सोधपुछका लागि एक व्यक्तिलाई नियन्त्रणमा लिएको र उनको संलग्नताबारे अनुसन्धान भइरहेको हुँदा नाम गोप्य राखिएको छ । पक्राउ परेका युवक मृतक पुनमको छिमेकी रहेको खुलेको छ ।

## होटल सञ्चालिकामाथि छुरा प्रहारको प्रयास

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिकामा होटेल सञ्चालिकामाथि दिनदहाडै छुरा प्रहारको प्रयास भएको छ ।
उपमहानगरपालिकास्थित सिमरा बजारको मुख्य चोकमा रहेको होटेल सम्यक सञ्चालन गरेर बस्दै आएकी मिरा थापा तुलाधरमाथि बिहीबार दिउँसै करिब २ बजेको समयमा छुरा प्रहारको प्रयास भएको हो ।
स्थानीय अन्दाजी ४५ वर्षका विनय केसीले तुलाधरलाई 'मार्छु' भन्दै होटेलमै पसेर आक्रमणको प्रयास गरेका थिए । होटेलमा रहेको सिसी टिभी क्यामेरामा देखिएको भिडियोमा उनले छुरा लिएर आक्रमणको प्रयास गरेको देखिएको छ ।
यद्यपि केसीको आक्रमणबाट तुलाधर जोगिएकी छन् । भाग्न सफल भएपछि उनी जोगिएको प्रहरीले जनाएको छ ।
घटनापश्चात् स्थानीयले प्रहरीलाई खबर गरेपछि केसीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो । उनी इलाका प्रहरी कार्यालय सिमराको नियन्त्रणमा छन् । घटनाबारे अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ ।

# मधेश प्रदेश भन्सार कार्यालय घेराउ



**मधेशदृष्टि**
**रौतहट ।**
प्रभु साह नेतृत्वको आमजनता पार्टीका कार्यकर्ताले नियमावली संशोधन माग गर्दै मधेश प्रदेशको कैयौँ भन्सार कार्यालय घेराउ गरेका छन् ।
आमजनता पार्टीको छुट्टाछट्टै टोलीले सुराकी र प्रहरीलाई कमिसन पुरस्कार दिइने नियमावली संशोधनको मागसहित शुक्रबार मधेश प्रदेशको वीरगंजलगायतको भन्सार कार्यालय घेराउ गरेका हुन् । पार्टीका मधेश प्रदेश अध्यक्ष उमेश कुशवाहाको नेतृत्वको टोलीले वीरगंज भन्सार कार्यालय घेराउ गरेका थिए । प्रदेश इन्चार्ज सुधिर यादवको नेतृत्वमा गएको टोलीले गौरलगायतका प्रदेशका कैयौँ जिल्लाका भन्सार कार्यालय घेराउ गरेका आमजनता पार्टीले जनाएको छ । यसअघि आम जनता पार्टीले सुराकी तथा कमिसन, पुरस्कारका नाममा बरामद सामानको मूल्यको ४५% प्रतिशत दिइने प्रावधान भन्सार नियमावलीबाट हटाउन भदौ ३१ गते भन्सार भिागमा ज्ञापन पत्र बुझाएको थियो ।
पूर्वमन्त्री तथा पार्टी अध्यक्ष प्रभु साहले पनि सदनमा पटकपटक बिरोध गर्दै यो व्यवस्था भन्सार नियमावलीबाट हटाउन माग गर्दै आएका छन् । कमिसन पुरस्कार सुराकीका नाममा बर्सेनी राज्यकोषमा आउने अबौँ रुपैयाँ व्यक्तिको खातामा गइरहेको तथा संसारमा यस्तो व्यवस्था कुनै देशमा नभएको भनेर उनले प्रतिवाद गर्दै आएका छन् ।

# नेपालगंजमा फेरि कर्फ्यु



**मधेशदृष्टि**
**बाँके ।**
बाँके प्रशासनले नेपालगंजमा फेरि कर्फ्यु लगाइएको छ । जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै शुक्रबार अचानक कर्फ्यु लगाइएको जानकारी दिएको हो ।
कर्फ्यु बिहान ६ बजेदेखि सुरु भएर साँझ ८ बजेसम्म जारी रहने प्रमुख जिल्ला अधिकारी विपिन आचार्यले जारी गरेको सूचनामा भनिएको छ ।
उनका अनुसार नेपालगंज उपमहानगर पूर्वमा राप्ती नदी पुल, पश्चिममा खजुरा रोडको इन्द्रपुर जाने बाटो, उत्तरमा राँझाचोक र दक्षिणमा जमुनाहा सीमा नाकाका चार किल्लाभित्र कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक वा प्रदर्शन वा पोस्टर, पर्चा जस्ता प्रचार सामाग्री टाँस्न वा लेख नपाइने गरी तथा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँच जना भन्दा बढी मानिस जम्मा हुननपाउने उल्लेख छ ।
केही समयदेखि नेपालगंजमा हिन्दू र मुस्लिम समुदायबीचमा असमझदारी बढेपछि स्थिति नियन्त्रणमा लिन सेना परिचालनदेखि कर्फ्युसमेत लगाइएको थियो । अवस्था सामान्य भएको भन्दै विहीबार बिहान ८ बजेबाट राति ८ बजेसम्म १२ घण्टाका लागि कर्फ्यु हटाइएको थियो तर पुनः विवाद बढेपछि नेपालगंजमा कर्फ्यु लगाइएको हो ।

# ६० किलो सुनमा २५ जना थुनामा

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ जिल्ला अदालतले ६० किलो सुन प्रकरणमा २५ जनालाई थुनामा पठाउन आदेश गरेको छ । शुक्रबार थुनछेक बहस सकिएपछि न्यायाधीश माधवप्रसाद मैनालीको इजलासले २५ प्रतिवादीलाई केन्द्रीय कारागार जगन्नाथदेवलमा पुर्पक्षमा पठाउन आदेश दिएको सूचना अधिकारी दीपक दाहालले बताए । आदेपछि भोजपुर अरुण गाउँपालिका–४ का हर्कराज राई, चिनियाँ नागरिकहरु याओ पुचेङ 'एलेक्स', केटीबी रेष्टुरेण्ट सञ्चालक टीयान मी, वेन तोङ, एयरपोर्टबाट सुन ओसार्ने डीङ सेग्फा, ली–नेङकाई र ली वेन सुङ्ग पुर्पक्षमा गएका छन् । यस्तै, बेल्जियन नागरिक दावा छिरिङ, चिनियाँ नागरिक जीक्काङ लिन, भारतीय नागरिक थुप्तेन छिरिङ पुर्पक्षमा पठाइएका छन् ।
यसैगरी कृष्ण कुमार श्रेष्ठ, पुस्करराज भट्टसहित भन्सार एजेन्टहरु राजेन्द्रकुमार राई, यादव पराजुली, सुदर्शन गौतमलाई पनि अदालतले पुर्पक्षमा पठाएको छ ।
अदालतले दोलखाको मेलुङ गाउँपालिका–३का रामकुमार भुजेल, सोही ठाउँका दिलिप भुजेल, बुटवलका सुमन खरेल, सुनचाँदी व्यवसायी शिवकुमार सर्राफ, दावाको सहयोगी मानिएका किशोर बस्नेत, भन्सार अधिकृत सन्तोष चन्द, गणेशकुमार पौडेल, नायब सुब्बा विरेन्द्र नेपाली, विमानस्थल भन्सार कार्यालयका जाँचकी कुमार ढकाल र भन्सारमा एक्स–रे हेर्ने नायब सुब्बा सरोज श्रेष्ठलाई पनि पुर्पक्षमा पठाएको छ । सुन प्रकरणमा २६ जना थुनामा रहेकामा रुक्मणि सुब्बालाई भने ५ लाख रुपैयाँ धरौटीमा रिहा गर्न आदेश भएको छ । ६० किलो सुन तस्करी प्रकरणमा २९ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर भएकामा ३ जना फरार छन् ।

# विवाहको दुई वर्षपछि परिवारबाट अस्वीकार गर्दै घरनिकाला

**मधेशदृष्टि**
**सिरहा ।**
गोलबजार नगरपालिका–१ माइती भएकी २४ वर्षीया देविका सदायको प्रेम विवाह भएको दुई वर्ष पछि २५ वर्षीय पति विजय महतो र परिवारले घरमा राख्न अस्वीकार गर्दा समस्या भएको छ ।
मिर्चैया नगरपालिका–९ का २५ वर्षीय विजय महतोसँग दुई वर्ष अघि प्रेमविवाह गरेको र अहिले पति विजयले 'मेरो घर परिवारले तिमीलाई बुहारी मान्न तयार नभएकाले म घर परिवारको खुशीको लागि अर्को विवाह गर्ने' भन्दै अस्वीकार गरेको देविकाले बताइन् ।
उनले भनिन्, 'विजयले मसँग विवाह गरी कर्जन्हा नगरपालिकास्थित बन्दीपुरमा कोठा भाडामा लिई सँगै राखेका थिए, यहाँको कमाइले हामीलाई खान बस्न अप्ठयारो हुन्छ, त्यसैले म विदेशबाट कमाएर आउँछु अनी घर बनाएर सँगै बसुला भनेर धनगढी नगरपालिका–१२ सिमलटोकीमा ऐलानी जग्गामा घर बनाई मलाई राखेर कमाउन कतार गएका थिए ।' उनले भनिन्, 'राम्रै कुराकानी हुन्थ्यो, प्रत्येक महिना पैसा पनि पठाउनु हुन्थ्यो । तर, एक हप्ता अगाडि कतारबाट आउनु भयो र मलाई उहाँको घरपरिवारले बुहारी नमान्ने भएकाले छोडिदेऊ, म अर्को विवाह गर्छु भनी सम्पर्कविहीन हुनुभयो, त्यसपछि इलाका प्रहरी कार्यालय मिर्चैयामा निवेदन दिएको हुँ ।'
पीडित र आरोपित पक्षलाई छलफलका लागि बोलाइएको तर, छलफल विनानिष्कर्ष टुङ्गिएकाले असोज २२ गते पीडित र पति विजयसमेत उपस्थित गरेर पुनः छलफल गर्ने निर्णय भएको इलाका प्रहरी कार्यालय मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले बताए ।
छलफलमा सहमति नभए आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइने डिएसपी बस्नेतले बताए । विजयको बुबा जगदीशले छोराले गल्ती गरे पनि समाजले जातपात मान्ने भएकाले देवकी सदायलाई बुहारी स्वीकार गर्न नसकिने बताए ।

# वर्षाले धानबाली भित्र्याउन समस्या



**मधेशदृष्टि**
**वीरगंज ।**
लगातारको झरीले पाकेको धान भित्र्याउन तथा काट्न नपाउँदा पर्साका ठोरी तथा जिराभवानी गाउँपालिकाका किसान मर्कामा परेका छन् । केही दिन यतादेखि लगातार परिरहेको झरीले पाकेको धान भित्र्याउन नसक्दा किसान चिन्तित बनेका हुन् ।
रोप्ने समयमा पानी नपरेर सुक्खा खेतमा धान रोपेका ठोरीका किसानको धान खेत काट्ने बेलामा भने पानीले भरिएको छ । खेतमा धान ढलेर बालामा बिउ उम्रन थालेको ठोरी गाउँपालिका वडा नम्बर ४ का किसान कान्छा तामाङले बताए । उनले एक बिघा खेतमा लगाएको भदैया धान वर्षाका कारण खेतमा नै ढलेको छ । ठोरीका अर्का किसान टङ्क तिमिल्सिनाले लगातार परेको वर्षाका कारण पाकेको धान बाली भित्र्याउन नसकेकोमा चिन्ता व्यक्त गरे ।
आकाशको पानी समयमा नपरेर महंगो मूल्यमा सिँचाई गरेर मुख्य बालीको रूपमा असारमा लगाएको धान पाकेर काट्ने बेला भए पनि लगातारको वर्षाले धान काट्न नदिएको तिमिल्सिनाले जानकारी दिए । पाकेको बालीमा लगातार वर्षा हुँदा खेतमै धान उम्रिन र कुहिन थालेको उनले बताए ।
भदौरे धान राम्रो फलेको भएपनि काट्न समयमा पानी परेपछि पर्साको पश्चिमी क्षेत्रका किसान प्रभावित भएको कृषि ज्ञान केन्द्र पर्साले जनाएको छ ।
ठोरी, जिराभवानी, जगरनाथपुर लगायतका गाउँपालिकामा विभिन्न प्रजातिका चौध बयालिस, भदैया मन्सुली, गोरखनाथ, चैते चार जस्ता छिटो पाक्ने धान खेती हुँदै आएको छ ।

# जनतासँग जोडिन र निरासा हटाउन जागरण अभियानः नेपाल

**मधेशदृष्टि**
**हेटौँडा ।**
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जनतासँग जोडिन र निरासा हटाउन समाजवादी जागरण अभियान सुरु गरिएको बताए । सरकारले नागरिकलाई कृषिमा आत्मनिर्भर बनाउन काम गर्नुपर्ने भन्दै अध्यक्ष नेपालले गाउँगाउँमा कृषि क्रान्ति अभियान लिएर अघि बढ्न कार्यकर्तालाई आह्वान पनि गरे ।
शुक्रबार हेटौँडामा आयोजित समाजवादी जागरण अभियानअन्तर्गतको कार्यक्रममा अध्यक्ष नेपालले जनताका समस्या समाधान गर्न सरकारले काम गरिरहेको बताए । उनले ढिला सुस्ती र भ्रष्टाचार अन्त्य गर्न सके मात्रै जनताले न्याय पाउने भनाइ राखे ।
जनताको मनोबल उच्च नभए समाजको विकास नहुने भन्दै उनले सरकारले कृषिक्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए ।
जनतामा जान पार्टीको नाम मात्र नभई महाअभियान जरुरी रहेको उनको भनाइ छ । अध्यक्ष नेपालले रोजगारी, समृद्धि र सुशासनको नाराका साथ आम नागरिकमा देशको वर्तमान अवस्था, आगामी दिनमा पार्टीले लिने रणनीति, कार्यदिशालगायतका विषयमा जानकारी गराउन अभियान सञ्चालन गरिएको स्पष्ट पारे । उनले जनतासँग स्थापित हुन आफूहरू घरघरमा आएको बताए ।
जनता आवास कार्यक्रम, काठमाडौँ–निजगढ दुरतमार्गको योजना तथा निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका योजना आफू प्रधानमन्त्री हुँदा ल्याएको भन्दै उनले भने, 'जागरण



अभियानले पार्टी बलियो बन्नेमा विश्वास गरेका छौँ, कार्यकर्तालाई सबैमा आशा जगाएर अघि बढ्न आग्रह गर्दछौँ ।'
बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवम् पार्टीका उपाध्यक्ष राजेन्द्र पाण्डेले अभियानले पार्टीलाई स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । जनताका आधारभूत मुद्दा सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उनले दैनिक विदेश पलायन हुने युवाको लहर रोक्नुपर्नेमा जोड दिए ।
पूर्वप्रधानमन्त्री एवम् पार्टीका सम्मानित नेता झलनाथ खनाल, उपाध्यक्ष प्रमेश हमाल, जयन्ती राई, उपमहासचिव डा. विजयकुमार पौडेल, जगन्नाथ खतिवडा, सचिव रामकुमारी झाँक्री, स्थायी कमिटी सदस्य ललित बस्नेत, विरोध खतिवडा, केन्द्रीय सदस्य मुनु सिग्देल, पार्टी बागमती प्रदेश अध्यक्ष सावित्रा भुषाल, बागमती प्रदेश सरकारका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल, जिल्ला अध्यक्ष विष्णुप्रसाद दाहाललगायतका नेताको उपस्थिति थियो ।

# बारामा दुई हजार पार्टी प्रवेश

**मधेशदृष्टि**
**बारा ।**
मेची–महाकाली समाजवादी जागरण अभियानअन्तर्गत बारा निर्वाचन क्षेत्र नम्बर ४ मा विभिन्न पार्टीमा आबद्ध २ हजार नागरिक नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । बिहीबार र शुक्रबार भएको छुट्टाछुटै कार्यक्रममा बारा–४ बाट विभिन्न पार्टीमा आबद्ध करिब २ हजार नेता तथा कार्यकर्ता नेकपा एसमा प्रवेश गरेको पार्टी केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए ।
बारा–४ का संघीय संसाद किसान श्रेष्ठको पहलमा भएको कार्यक्रममा जीतपुर सिमरा–७ मा पार्टी प्रवेश कार्यक्रम आयोजना गरिएको थियो ।
जसमा बारा ४ (क) प्रदेश सभा सदस्य उम्मेदवार सन्तोष कुशवाहको नेतृत्वमा जीतपुर सिमरा वडा नम्बर ८ का निवर्तमान वडाध्यक्ष रामबाबु पटेल, समाजसेवी आशा दाहाल पार्टी प्रवेश गरेका थिए । त्यस्तै, वडा नम्बर २१



अम्लेखगंजमा मानबहादुर विकको नेतृत्वमा पार्टी प्रवेश कार्यक्रम भएको थियो ।
पार्टी प्रवेश कार्यक्रममा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाली कांग्रेसका नेता तथा कार्यकर्ता बढी छन् । सांसद किसान श्रेष्ठले अगामी ४ वर्षपछि हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा पार्टीले एक्लैले चुनाव जित्ने गरी जनताको विकासको काम गर्ने बताए । उनले पार्टी प्रवेश गर्ने सबैलाई ससम्मान संगठित रुपमा पार्टी कमिटीभित्र समेटेर लैजाने बताए ।

# ३५ हजारलाई डेंगी कात्तिकसम्मै चिन्ता

**मधेशदृष्टि**
**वीरगंज ।**
यसपालि झण्डै ३५ हजारलाई डेङ्गीको सङ्क्रमण पुष्टि भएको छ । २०७९ पुस १५ गतेदेखि अहिलेसम्म झण्डै ३५ हजारलाई सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाको किटजन्य रोग निवारण शाखाका प्रमुख डा. गोकर्ण दाहालका अनुसार यो अवधिमा डेङ्गी भएर ३० जनाको ज्यान गएको छ । पोहोर ८८ जनाको ज्यान गएको थियो भने ५५ हजारभन्दा धेरै सङ्क्रमित भएका थिए । अहिले डेङ्गीको सङ्क्रमण नियन्त्रणतर्फ उन्मुख भए पनि जोखिम भने कायमै रहेको दाहालले बताए ।
उनका अनुसार आउँदो कात्तिक महिनासम्म नै डेङ्गीको जोखिम रहने भएकाले लामखुट्टेको टोकाइबाट जोगिन डाक्टरको सुझाव छ । लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गी सङ्क्रमणबाट जोगिनु एकमात्र उपाय हो । लामखुट्टेले फुल पार्ने र लार्भा हुर्कने वातावरण नबनाउन उनको आग्रह छ । घर वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुर्न, पूरा बाउला भएका लुगा लगाउन, बाल्टी, बाटा, ड्रमलगायत भाँडोमा लामो समयसम्म पानी जम्मा गरेर नराख्न उनको सुझाव छ ।
यसैबीच, ज्वरो आउनासाथ र जिउ दुख्नासाथ धेरैले जथाभाबी औषधि खाने गरेकाले त्यसो नगर्न पनि किटजन्य रोग निवारण शाखाका प्रमुख डा. दाहालको आग्रह छ । डेङ्गी भएका बेला दुखाइ कम गर्न खाइने बुफ्रिनलगायतका औषधीले स्वास्थ्यमा झनै असर पर्ने भएकाले स्वास्थ्यकर्मी र डाक्टरको सल्लाहमा मात्रै औषधि खान उनको सुझाव छ ।

# कार्यकर्ताको सम्झनामा प्रतीक्षालय निर्माण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्साका सभापति एवम् प्रदेश सभा सदस्य जनार्दनसिंह क्षेत्रीले ठोरी गाउँपालिका वडा नम्बर ३ ओडार खोला पुलनजिकै निर्मित पिताम्बर स्मृति प्रतीक्षालय उद्घाटन गरेका छन् ।
नेपाली कांग्रेसका कार्यकर्ता स्व.पिताम्बर प्रसाद घिमिरेको सम्झनामा पिताम्बर स्मृति प्रतीक्षालय निर्माण गरिएकोको हो । ६० हजार रुपैयाँ लागतमा निर्माण भएको प्रतीक्षालयमा नेपाली कांग्रेस ठोरीका कार्यकर्ताले स्वतःस्फूर्तरुपमा चन्दा सहयोग गरी निर्माण गरिएको नेपाली कांग्रेस ठोरीका सभापति सन्तोष श्रेष्ठले जानकारी दिए ।
उद्घाटन समाहरोमा सभापति क्षेत्रीले पर्सा जिल्लामा पार्टी कार्यकर्ताले चन्दा उठाएर प्रतिक्षालय बनाउनु उदारणीय काम भएको बताए । पार्टीका स्थानीय कार्यकर्ताले रचनात्मक काम गर्दा त्यसको प्रभाव आमजनतामा पर्ने र संगठन गतिशील हुने बताए ।
नेपाली कांग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेले ठोरी आफैँमा उदाहरणीय ठाउँ भएको हुँदा हरेक काम उदाहरणीय हुने बताए ।
कार्यक्रममा कांग्रेस नेता श्याम पोखेल, रामबहादुर श्रेष्ठ, अमृतकृष्ण सापकोटा, रुद्र खड्कालगायतका वक्ताले पिताम्बर प्रसाद घिमिरेको पार्टीप्रति लगावबारे आफ्नो धारण व्यक्त गरेका थिए ।

# माडीमा हात्तीले दुःख दिएपछि समस्या

**मधेशदृष्टि**
**पर्सा ।**
चितवनको माडी क्षेत्रमा जङ्गली हात्तीले दुःख दिन थालेका छन् । माडी नगरपालिका वडा नम्बर १ मा निकुञ्जबाट निस्किएका हात्तीले धानबाली तथा सरकारी बालीमा नोक्सानी पुर्याउन थालेपछि किसान प्रभावित भएका छन । विगत तीन दिनदेखि हात्तीको आतङ्कले स्थानीय रातभर जाग्राम बस्नुपरेको पाँचपाण्डव मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष नारायणदत्त सापकोटाले बताए ।
ट्र्याक्टर, जिपलगायत सवारीसाधनको सहायताले हात्ती लखेट्ने काम भइरहेको उनले जानकारी दिए । माडीमा असोज १४ गते हात्तीले एक जनालाई आक्रमण गरी घाइते बनाएको छ । जंगली हात्तीले माडी नगरपालिकाको वडा नम्बर १, २, ८,९ मा बढी क्षति पुर्याउँदै आएको छ ।
चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार माडी क्षेत्रमा जङ्गली हात्तीले आतंक मच्चाएको समाचार प्राप्त भएसँगै स्थानीयसँग समन्वय गरेर निकुञ्जका कर्मचारी, नेपाली सेनाले हात्ती धपाउने काम गरिरहेका छन् ।

# उपराष्ट्रपति र जर्मनी राजदूतबीच भेट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग शुक्रबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा जर्मनीका राजदूत डा. थोमस प्रिन्जले शिष्टाचार भेट गरेका छन् ।
भेटघाटमा शुभकामना आदानप्रदानपछि उपराष्ट्रपति यादवले सन् १९५८ मा कूटनीतिक सम्बन्ध स्थापना भएपश्चात नेपाल र जर्मनीबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सौहार्दधपूर्ण रहेको र नेपालले दुई मुलुकबीचको सम्बन्धलाई उच्च प्राथमिकता दिँदै आएको बताए ।
'उच्च राजनीतिक नेतृत्व तथा कूटनीतिक तहमा भ्रमणको आदानप्रदान तथा संवाद, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार, पर्यटन नेपाल–जर्मनी सम्बन्धका आधारस्तम्भ हुन्,' उनले भने, 'जर्मनी नेपालको प्रमुख विकास साझेदार हो । नेपालले सामाजिक आर्थिक विकासका सबालमा जर्मन सरकारबाट सन् १९६१ देखि सहायता प्राप्त गर्दै आएको छ ।'
उपराष्ट्रपति यादवले कोभिड–१९ संक्रमणको समयमा मूल्यवान सहयोग प्रदान गरेकोमा जर्मनीप्रति आभार व्यक्त गरे । 'जर्मनीको युरोपेली संघमा अत्यन्तै प्रभावशाली भूमिका रहेको छ । हामी नेपाल र युरोपेली संघबीचको बढ्दो सहकार्यको स्वागत गर्दछौँ,' उनले भने, 'दीगो शान्ति, स्थायित्व र विकासको राष्ट्रिय आकांक्षा हासिल गर्न हामी प्रतिवद्ध छौँ । नेपालको विकासको पथमा मित्र राष्ट्र जर्मनीको निरन्तर साथ र सहयोग रहनेमा हामी आशावादी छौँ ।' जर्मनीले बहुपक्षीय मञ्चहरुमा अन्तर्राष्ट्रिय मुद्दा जस्तै जलवायु परिवर्तनको क्षेत्रमा खेलेको भूमिकाको प्रशंसा गर्दै उनले भने, 'आपसी हितका विषयमा दुईपक्षीय र बहुपक्षीय मञ्चमा हाम्रो सहकार्य निरन्तर कायम रहनेमा आशावादी छु ।'
भेटघाटमा राजदुत प्रिन्जले नेपालको शान्ति र राजनीतिक स्थायित्वका लागि जर्मनीले निरन्तर सहयोग गर्दै नेपालको ऊर्जा, पर्यटन, उद्योगलगायतका क्षेत्रको विकासमा मद्दत गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले जर्मन सरकारले ८० नेपालीलाई व्यवसायिक प्रशिक्षणका लागि जर्मनी लगिएको जानकारी दिँदै यो क्रम अगामी दिनमा पनि जारी राख्दै यो संख्या ५ सयसम्म पुर्याउने लक्ष्य रहेको बताए ।

# चुरे संरक्षण र मधेशको भाग्य भविष्य



**रामचन्द्र मण्डल**
सभामुख, मधेश प्रदेश सभा

> देशको करिब १३ प्रतिशत भूभाग ओगटेको पूर्वमा इलामदेखि पश्चिममा डडेल्धुरासम्म ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई हामीले जलमार्गको रुपमा समेत विकास गर्न सक्छौँ । पूर्वदेखि पश्चिमसम्म यो देशभित्र ८ सय किलोमिटर तन्किएको छ । यसमा हामीले जलमार्गको निर्माण गर्न सक्यौँ भने यहाँबाट कुनै ठाउँ जान ४ दिन ५ दिनको लाग्ने समयको पनि बचत हुन्छ । समयसँगै पैसाको समेत बचत हुन्छ । चुरेले आगटेको क्षेत्र झण्डै चौडाइमा १० देखि ५० किलोमिटरको क्षेत्रलाई हराभरासँगै मनमोहक र आकर्षक बनाउन सक्छौँ ।

चुरे क्षेत्र हिमालय पर्वत शृंखलाको सबभन्दा दक्षिणमा मधेशको राजमार्ग भन्दा माथिको क्षेत्र हो । माथिबाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कान्छो, सबभन्दा कमलो र सबभन्दा कमजोर पर्वतीय शृंखला क्षेत्र चुरे हो । चुरेले मधेशसँग प्रत्यक्ष सरोकार राखेकोले मधेशको लाइफलाइनको रुपमा पनि लिन सकिन्छ ।
करिब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थहरु थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे शृंखला हो । पश्चिममा पाकिस्तानको इन्डस नदीदेखि पूर्वमा भारतको ब्रम्हपुत्र नदीसम्म फैलिएको चुरे शृंखला शिवालिकको नामबाट पनि चिनिन्छ । यो क्षेत्रमा राम्ररी नखाँदिएका खुकुलो पत्रे चट्टान भएको र महाभारतबाट बग्ने नदीहरु यही चुरे क्षेत्र भई तराई तर्फ बग्ने हुँदा प्राकृतिक रुपले यो क्षेत्र अत्यन्त संवेदनशील छ । चुरेको संरक्षण र मधेशको उन्नति, प्रगति र उत्थानसँगै समृद्धिको पाटोसँग जोडिएको विषय हो । चुरेले मधेशको भूमि, जल, खनिज, वातावरणीय प्रभावसँगै जोडिएकाले यो मधेशको महत्वपूर्ण लाइफलाइनको अभिन्न अंग हो ।
चुरेको संरक्षण जुन स्तरबाट गरिँदैछ । त्यो तौरतरिका चुरे र मधेशलाई बचाउन सकिँदैन । जब चुरे संरक्षण हुँदैन तब सम्म मधेशको भूमिहरु पनि संरक्षित र उत्पादनमूलक हुन सक्दैन । त्यसकारण चुरे फेद भन्दा हाईवे भन्दा माथि कोशीदेखि नारायणीसम्म पूर्व–पश्चिम कृत्रिम नहर बनाउने दीर्घकालीन योजना अघि बढाउनुपर्छ । यसबाट वाटर रिजर्भका रुपमा एउटा नहर निर्माण हुन्छ । र, त्यसलाई विभिन्न प्रयोजनमा काम गर्न सकिन्छ । एउटा जलमार्गको रुपमा प्रयोग गर्न सकिन्छ । अर्को नहरमा बनाइएको डयामलाई यातायात प्रयोजनको लागि प्रयोग गर्न सकिन्छ । दोश्रो नदीको माध्यमबाट कृत्रिम नहर बनाइए नदी नियन्त्रण गर्ने दुवैतिर इम्बेक्टमेन्टबाट नदी उकास लाखौँ बिघा जग्गालाई बैंक अफ ल्याण्डका रुपमा प्रयोग गर्न सकिन्छ । उद्योग धन्दाको रुपमा प्रयोग गर्न सकिन्छ । भूमिहीन किसानलाई व्यवस्थापन गर्न सकिन्छ । ठूल्ठूला पुँजीवादी उत्पादनलाई बढावा दिन सकिन्छ ।
चुरेबाट जति पनि नदी बगेको छ, ती सबै नदीलाई नहरका रुपमा डेभलप गर्दा खेतखेतमा पानी लगेर सिँचाइको व्यवस्थापन गर्न सकिन्छ । नहरले वाटर रिजर्भ हुने बित्तिकै वाटर रिचार्जिङ क्यापसिटी चुरेको बढ्छ । यसले मधेशको वाटर स्वाभाविक बढ्छ । र, खानेपानीको समस्या सजिलै हल गर्न सकिन्छ । जहाँ त्यही नहरको पानीलाई पनि खानेपानीको रुपमा प्युरिफाइ गरेर प्रयोग गर्न सक्छौँ । त्यहीँबाट विद्युत उत्पादन गर्न सकिन्छ । यसले मधेशमा अहिले विद्युत उत्पादनविहीन बनेको प्रदेशमा विद्युत उत्पादनको सम्भावना उत्तिकै बढछ । जहाँ बालुवा, गिट्टी, ढुङ्गाको उत्खनन हुँदैछ । जसले एउटा ठूलो समस्या क्रिएट गर्दैछ । जुन प्रदेश, स्थानीय वा संघीय सरकार कसैको कमाण्डमा छैन । जसले चुरेको दोहन नदी जन्य पदार्थको उत्खननको स्पिड दर्दनाक देख्छौँ । त्यसलाई पनि नियन्त्रण र निगरानी गरेर राजस्व वृद्धिको रुपमा प्रयोग गर्न सकिन्छ ।



अर्को कुरा मधेशको माछा देश र विदेशमा फेमस छ । हामीले त्यही नहरलाई माछापालनका रुपमा प्रयोग गर्न सक्छौँ । यी यावत आयामबाट हामीले बेनिफिट लिन सक्छौँ ।



कोशी–मरिन डाइभर्सनमार्फत सिँचाइ प्रयोजनमार्फत काम गरिँदैछ । त्यसरी नै कोशी कमला डाइभर्सनमार्फत काम गर्दा पनि पूर्व–पश्चिम व्यवस्थापन गर्नैपर्छ । कोशी–मरिन वा कोशी बागमती डाइभर्सन गर्नुबाहेक मधेशको समृद्धिको अर्को कुनै विकल्प छैन । त्यसकारण कोशीदेखि नारायणीसम्म पूर्व–पश्चिम कृत्रिम नहर बन्यो भने मधेशको जीवन उपयोगीको रुपमा सिद्ध हुन्छ । यो मधेशको लागि गौरवको एउटा योजना पनि हुन्छ । जसमा देशले पनि गर्व गर्छ । यो एउटा सम्पूर्ण मधेशको लाइफलाइनका रुपमा बन्छ । जुन चुरे दोहनको साधन बनिरहेको छ, त्यसले नहरको विकाससँगै उत्पादन र आमकिसानको आयस्तरमा समेत वृद्धि ल्याउँछ ।
देशको करिब १३ प्रतिशत भूभाग ओगटेको पूर्वमा इलामदेखि पश्चिममा डडेल्धुरासम्म ३६ वटा जिल्लामा फैलिएको चुरे क्षेत्रलाई हामीले जलमार्गको रुपमा समेत विकास गर्न सक्छौँ । पूर्वदेखि पश्चिमसम्म यो देशभित्र ८ सय किलोमिटर तन्किएको छ । यसमा हामीले जलमार्गको निर्माण गर्न सक्यौँ भने यहाँबाट कुनै ठाउँ जान ४ दिन ५ दिनको लाग्ने समयको पनि बचत हुन्छ । समयसँगै पैसाको समेत बचत हुन्छ । चुरेले आगटेको क्षेत्र झण्डै चौडाइमा १० देखि ५० किलोमिटरको क्षेत्रलाई हराभरासँगै मनमोहक र आकर्षक बनाउन सक्छौँ ।
नदीमा डाइभर्सन र चुरेमा नहरको निर्माणले मधेशको हरेक जिल्लामा वर्षेनी खेप्दै आएको पानीको समस्यालाई निर्मुलीकरण गर्न सकिन्छ । चुरेबाट झण्डै ५ देखि ६ सय मिटरको अग्लो भागमा रहेको मधेशमा नहरबाट सजिल्लै पानी ल्याउन सकिन्छ । डयाम्म बनाएर नहरलाई रिजर्भ ट्याङ्कीका रुपमा सिधै मधेशको गाउँगाउँमा पाइपलाईन गरेर पानी ल्याउन सकिन्छ । रिजर्भ ट्याङ्कीमा पानी रिजर्भ हुने बित्तिकै वाटर लेभल स्वतह माथि उकासिन्छ । अहिले हामी लाखौँ कराडौँ रुपैयाँ खर्च गर्दैछौँ । खानेपानीको सवालमा ओभरहेड ट्याङ्की बनाएर तलबाट पानी ल्याउने तर चुरेको संरक्षण व्यवस्थापन नगर्ने भएपछि वाटर लेभल दिनानुदिन तल झर्दै गैरहेको छ । चापाकलहरुमा अहिले ४ सय फिटमा पानी पानी आउन गाह्रो हुन्छ । यो स्थितलाई दर्दनाक रुपमा लिन सकिन्छ ।
चुरे संरक्षण, नदीको डाइभर्सन र नहर निर्माणले मल्टिपर्पसेज योजनालाई कम्प्लिट गर्न स्थानीयदेखि प्रदेश र संघीय सरकारले समेत गहनरुपमा लाग्न जरुरी छ । यो कृत्रिम नहरबाट पर्यटनको आकर्षणको केन्द्र बनाएर पर्यटन प्रवद्र्धन समेत गर्न सकिन्छ । मुख्यतः सिँचाइ बढाएर उब्जनीविहीन बनेको भूमिलाई बाह्रमासै उब्जाउ जग्गाका रुपमा प्रयोग गर्न सकिन्छ । यो सबैभन्दा ठूलो उपलब्धी मानेर काम गर्नुपर्छ । मुख्यतः नदी उकास जमिनलाई प्रयोग गर्न सक्छौँ । जसले देशको हजारौँ बिघा जमिनलाई फेरि हराभरा र उब्जनीयोग्य बनाउन मदत गर्छ ।
चुरे सकिने बित्तिकै भावर अनि त्यसपछि तराईको समथर भूभाग छ । तराईलाई हामी अन्नभण्डार भन्छौँ । यो समग्र क्षेत्रमा ५० प्रतिशत जनसंख्याको बसोबास छ । अब हाम्रो अन्नभण्डार अनि ५० प्रतिशत जनसंख्याको बसोबास भएको क्षेत्र जोगाउन चुरे महत्वपूर्ण छ । चुरेका कारण प्राप्त हुने प्राकृतिक श्रोतले गर्दा नै तराई रहन सक्ने नत्र त्यसको विनाश अनि साथै त्यहाँ रहने मानिसको जनधन जोखिममा पर्ने समस्यालाई समाधानको एउटा निकास पनि हो । चुरेको महत्व यहाँको जमिनको उत्पादकत्वमा मात्र नभई विपद्सँग पनि जोडिएको छ । जथाभावी दोहन वा अव्यवस्थापनका कारण बाढी र पहिरो दुवैको जोखिम उच्च छ ।
तराईका निम्ति चुरे क्षेत्रले भूमिगत जल भण्डारको काम गरेको छ । नेपालमा वर्षमा करिब साढे तीन महिना वर्षा हुने गर्छ भनेर अरु बेला पानी फाटफुट मात्रै पर्छ । प्राकृतिक भण्डारको हिसाबले हिमालमा जम्ने हिउँ यहाँको प्रमुख जलभण्डार हो । चुरे क्षेत्रले तराईका निम्ति भूमिगत जल भण्डारको काम गरेको छ । यहाँको विशेषता के छ भने कतिपय खोलानाला मौसमी प्रकारका छन् । त्यहाँ वर्षा मौसममा पानी देखिन्छन् अरु बेला सुक्खा ! तर त्यही सुक्खा खोलानालामा पनि जमिनमुनि पानी रहेको छ । तराईको हकमा वर्षा मौसमबाहेक अन्य बेला पानीको मुख्य श्रोत भूमिगत जल रहेको र यो चुरेकै कारण सम्भव भएको छ । त्यसैले चुरेलाई पानीको श्रोतको रुपमा वाटर रिजर्भ ट्याङ्कका रुपमा पनि विकास गर्नुपर्छ ।
हाम्रो अन्न भण्डारका निम्ति चुरे क्षेत्रमा परेको पानी बगेर भूमिगत भण्डारमा जम्मा हुन्छ । चुरेको पहाड सकिने बित्तिकै रहेको क्षेत्रलाई हामी भावर भन्छौँ । त्यहाँको जमिन अचम्मको छ । त्यसले पानी सोस्छ र तल भण्डारण गर्छ । त्यही पानी अलि पर तराईमा पुग्दा प्रयोग गरिन्छ । त्यसैले मधेशको हरेक विषयवस्तु चुरेसँग जोडिएकोले यसको विकास संरक्षण महत्वपूर्ण छ ।

वैभव मधेशदृष्टि
२०८० साल असोज २० गते शनिबार
Saturday 07, October 2023

# केराको फूल



डा. राजेन्द्र विमल

विध्वंशको प्रलयंकारी ताण्डव चलेको बेला उसको शव फेला पऱ्यो । ऊ पहेंलो पाइजामा लगाएको दारीवाल मुसलमानको लाशलाई हामीले गंगबुमा फेला पा¥यौं । ठूलो भुइँचालोको सत्र दिनपछि, मंगलवार जब फेरि ठूलो भुइँचालो सर्वनाश लिएर आयो, हामी गंगबुमा थियौं । हाम्रै आँखा अगाडि घुस खान पल्किएको त्यो जुंगे जँड्याहा इन्सपेक्टर बूढो महेशप्रसादको पाँच तल्ले सेतो घर ढल्यो । तराईमा प्रशस्त घुस खाएर त्यसले तलामाथि तला थपेको कुरा उसलाई चिन्ने सबैलाई थाहा रहेछ । पछि उसको सरुवा काठमाण्डू गरियो । घरको ध्वंशबाट झिक्ता निस्किएका तीनवटा शवको सनाखत सजिलै भयो ।

भुइँचालोको ध्वंशावशेषभन्दा पर एउटा गाइने सारंगी रेट्दै थियोः

*'उठ्छ–उठ्छ' है राजन,*
*'देश फेरि उठ्छ*
*छेक्यो ढुङ्गाले के भो*
*मूल फेरि फुट्छ'*

यता सरकारी तन्त्र लाश गन्दै थियो । सरकारले लाश गन्नु बाहेक आजसम्म के गरेको छ ? निर्धा नेपाली जनताले लाशमा रुनु बाहेक अरु के गर्न सक्छन् ? अहिले पनि हामी ध्वंशावशेषबाट निस्किएको एउटा लाश नियाल्दै थियौं ।

त्यस लाशको हातमा रहेको कालो प्लास्टिकको झोलाभित्र के छ ? पहेंलो पाइजामा लाउने, लामा दारी पाल्ने, यी मुसलमान कहाँका हुन् ? 'यस मुसलमानको शवको फिक्री राष्ट्रपति र प्रधानमन्त्रीलाई छैन भने तँलाई केको चासो ?' मनमनै म आफूलाई सम्झाउँछु । फेरि सोच्छु, यस महाप्रलयमा को ठूला र को साना ? राष्ट्रपति पनि पालमा, खाते पनि पालमा । सबै बराबर । प्रकृतिले सबैलाई औकात बुझाइदियो । बडो 'पावरवाल' हुँ भन्ने एक जना 'अति विशिष्ट' मान्छे कट्टु फुकाली चर्पीमा एक छिन बसेका मात्र के थिए, पृथ्वी हल्लिन थाल्यो । अतालिएर दिसा पनि धुन नभ्याई चउरमा बुङ्ग । कस्ता–कस्ता नेता भनाउँदाको चरित्रलाई त नाङ्गोझार पा¥यो यो मोरो भुइँचालोले । के गर्ने ? महाप्रलयको ताण्डव थियो ? पृथ्वी त त्यसरी हल्लिंदै थियो, जसरी समुद्री तूफानमा समुद्रका उत्ताल तरङ्गमा परेको भकुन्डो घरी आकाश छुँदै माथि जान्छ, घरी ठूलो झड्काले तल झर्छ । घरी पिङ् खेले जस्तो स्वाइँय पूर्व जान्छ र घरी पश्चिम जान्छ । उफ ! कत्रो त्रास एकै छिनमा सर्वनाश !! ठूल्ठूला अट्टालिकाहरू एक पछि अर्को गल्र्यामगुर्लुम ढल्न थाल्यो । थिचिने, किचिने, घाइते हुने र मृत्युभयले अतालिनेहरूका विचित्र–विचित्रका चीत्कारले वातावरण झन् विकराल, भयावह र हृदयविदारक बन्न पुग्यो । कालो बादल मँडारियो । आँधी वर्षा र असिनाको बौछार !... भाग... भाग भाग... चउरमा भाग... पृथ्वी फेरि हल्लिंदै छ ! सडक, गल्ली, जताततै बेहोसीमा दिशाहीन भागिरहेका मानिस ! कता चउर, कता खेत, कता मैदान.. लौ, न, नानी त घरमा छुटिछ... आम्मै, मेरा बा–आमा के गरी भ¥याङ ओर्लिएका होलान् ?... यस्तो बेला आफ्नो ज्यान पहाड, अरुको ज्यान जोगाउने होस कसलाई हुन्छ ?..

हामी पनि भीडसंगै दौडिरहेछौं क्यार, अद्र्धहोसमा ! ...म, मेरी श्रीमती प्रतिभा र दस वर्षीय छोरो रमण .. बिजुली चम्कियो । केही रित्ता ह्युमपाइप देखिए । एक–एकवटा ह्युमपाइपभित्र निस्सासिंदै रात काट्यौं । बाहिर हल्ला चल्यो, धरहरा ढल्यो ।...

भुइँचालोले एक छिन विश्राम गर्थ्यो, फेरि घच्याक्... घच्याक्... टि.भि.को हरर सो टेलिश्रृंखलाझैं । ह्युमपाइपबाट बाहिर निस्किंदा छोरो करायो, 'बा, त्यहाँ पालमुनि मान्छेहरू छन् । त्यही जाऔं !..' नभन्दै, नजीकको खाली ठाउँमा पाल देखा पऱ्यो । मानिसहरू खाँदाखाँदा । मैले प्रतिभा र रमणलाई पालमा राख्न बल्लबल्ल भ्याएँ र धरहरा हेर्न गएँ । मुटुभित्र सय रेक्टरको भुइँचालो गएको जस्तो अनुभव हुन थाल्यो । त्यहाँ उद्धारकार्य चल्दै थियो । सलाम नेपाली सेना ! शवहरू निस्किन थाले । कसैको खप्पर कुभिन्डोझैं दुई फ्याक भएर एक फ्याक उडेजस्तो, कसैको गर्धनै नभएको, कुनैको भुँडी पट्ट फुटेको आन्द्राजति जम्मै फ्यात्त बाहिर निस्किएको ...। ध्वंशावशेष रगतमा डुबेको । मेरो मुटु जोरजोरले ढुक्ढुक् गर्न थाल्यो । त्यत्तिकैमा शवहरूको थुप्रोबाट एउटा ढुकुरको जोडीझैं अद्भुद जोडीको शव निकालियो । अभिजात परिवारको देखिने एउटा सुन्दर नवयुवक आफ्नी आसाधारण सुन्दरी प्रेमिकालाई कस्सेर अङालोभरि लिएकै अवस्थाको यथावत् शव ! दुबैको अनुहारमा मुस्कान ! संगै मर्न पाएकोमा तृप्त मुस्कान !! प्यारमा मृत्यु पनि स्वर्गिक आनन्द–लोकको यात्रा हो क्यार !

म प्रतिभानेर फर्किएँ र उसलाई समातेर घन्टौं रोएँ । पालमा चाउचाउ र पानीको बोतल बेच्ने देखिनासाथ हारालुछ र झम्टा–झम्टी चल्थ्यो । मैले केही प्याकेट र बोतल किनेर छेउमै नवजात शिशु लिएर बसेकी भोकी सुत्केरीलाई दिएँ । तिनका आँखामा कृतज्ञता थियो । त्यहीं बसेको एउटा नेवार परिवारले सामुन्ने पर बसेका भोटेभोटिनीलाई देखेर टीकाटिप्पणी गरेको सुनें, 'छ्या कटि फोहोरी यिनीहरू । जीउ गनाएर छेउमा बस्न नसकिने !' बूढीले भनी ।

गोरो नाइटोमुनि मुटुको ट्याटु देखाएर, जिन्स पाइन्ट लगाएर चकचक गर्ने उसकी बैसालु मोडर्न छोरीले नाक खुम्च्याई, 'भोतिनीले छोदेको ग्याँस उसको बाक्लो लुगामुनि नै गुम्सिंदो हो, निकास नपाएर ।' उसको परिवारका चारै जना गल्ल हाँसे । कान्छी त झन् मुखभरि आएको थूक बाहिर फालेर मुख बिगार्दै आई ।

बाह्र बजिसक्यो । चाउचाउ बेच्ने फेरि आएन । यो नेवार परिवार भोकले लखतरान भयो । म केही खाने कुरा किन्न बाहिर गएँ । उनीहरूसित खोइ पैसा थियो कि थिएन ? बाहिर गएनन् । बिस्कुट र बिकानेरी भुजिया किनेर प्रतिभा र रमणलाई दिंदै थिएँ । मैले देखें, त्यो नेवार अधबैंसे बगालै लिएर भोटेहरूतिर लाग्दै छन् । उत्सुकतावश म पनि पछि–पछि गएँ । भोटेहरू त्यहीं केही कुरा पकाएर खाँदा रहेछन् । खाद्य पदार्थको गन्ध मलाई मन परेन, तर नेवार्नी महिला बडो मायालु स्वर झिकेर भन्दै थिइन्, 'भोते दाइ, केइ खाने कुरा हाम्लाई पनि डयौ न, सारै भोक लाग्यो ।' बिचराहरूले बडो खुसीखुसी कचौरामा सबैलाई आपूmहरूले जस्तै बराबरी सामान बाँडेर दिए । अब नेवार परिवारको अनुहारमा घृणा होइन, एक्कासि स्नेहको जून झल्किएको देखा पऱ्यो । म छक्क परें । भोकाहरूको जात एउटै हुन्छ क्यार !



पृथ्वी फेरि घच्याकघच्याक गर्न थाल्यो । फेरि मानिसहरू ईश्वरको नाउँ जप्न थाले । माओवादीहरूले जपे–जपेनन्, कुन्नि !

'घच्याक्... घच्याक्... हल्लाउन छोडेन पृथ्वीले । भाइ कृष्ण पोखेलले बिस्कुट पसलमा गरेको ठट्टा सम्झें, 'दाइ, कुन भूत चढेको होला यो धामीलाई... डगडगडगडग कामेको छ, छ ?'' अहिले पृथ्वीले फेरि पिङ मच्चायो । घरहरू फेरि ढल्न थाले । खबर बर्सिन थाले– गोर्खाको सिङ्गो बार्पाक ध्वस्त... लाप्राक खत्तम.. सिन्धुपालचोक मुर्दाघाटमा परिणत...!!...

मैले आपूmलाई थाम्न सकिन । हाम्रो सिङ्गो परिवार अब उद्धार कार्यमा होमिने निर्णय भयो । बाबु रमणलाई कुनै राम्रो ठाउँमा राख्ने र आपूmहरू उद्धारमा सेनालाई सहयोग गर्ने । साथीहरूसित सल्लाहा ग¥यौं । शंखमूलमा लाइफ लाइन भन्ने औषधि पसल खोलेर बस्ने मोहन श्रेष्ठसंगै सात जना अरु यस दलमा सामेल भए । साथी मोहनले त राम्रो खानपिन समेतको जिम्मा लियो ।

हाम्रो उद्धारदल सिंहदरबारदेखि पुतलीसडक जाने बाटोमा थियो । लाश झिकिंदै थिए । कुनै ध्वंशावशेषभित्रबाट कसैले आफ्नो मित्रलाई फोनमा गुहारेको थियो, 'म शंकरदेव क्याम्पसको दक्षिणपट्टिको ढलेको मेरो तीन तले घरमा थिचिएको छु.. म.. तेरो साथी जीवन उपाध्याय.. मलाई छिटो झिकिएन भने तेरो यो साथीको लाश मात्र देख्छस्.. छिट्टो है प्लीज..!' यसै फोनको आधारमा सेना र प्रहरीले त्यस ढलेको घरको अवशेष हटाउँदा निकै तलबाट एउटा खाइलाग्दो जीउको हिउँगोरो मानिस जीउँदै फेला प¥यो । त्यसले नीला पाइन्ट र नीलै टी–सर्ट लगाएको थियो । गर्धनदेखि तलसम्मको भाग थिलोथिलो भएको, छाती पट्ट फुटेर रगतको भल फुटेको, तर मान्छेको अनुहारमा पहेंलो पीडा बेसारको लेदो पोतिएझैं पोतिएको भए पनि ओठमा जीवनको सिंदूरे मुस्कान थियो । मैले यस चमत्कारमा सर्वशक्तिमान ईश्वरलाई धन्यवाद दिएँ । स्ट्रेचर तयार थियो । त्यसलाई अस्पताल पु¥याउन त्यसमा सुताइयो । रगत अझै भल्भल्ती आउँदै थियो । तर, मान्छे जीवन्त र दीप्त मुस्कान फाल्दै, हात हल्लाएर जिजीविषाको विजयको उत्सव मनाउँदै, आफ्नो मौनतामा मानौं उद्घोष गर्दै थियो– 'हेर ! हिम्मतले बाँचिहालें !!... म विजेता हुँ ।'..

धर्ती नहल्लिए पनि काठमाण्डौ सहरका सडक र गल्लीहरूमा मानिस चिच्याउँदै भाग्थे.. भाग.. भाग.. फेरि हल्लायो ... । पुलिसले हल्लाले आतंक मच्चाएर खाली घरमा चोर्ने दाउगर्ने यी चोर हुन् भनी यिनलाई थानामा लगे, तर थाहा भयो, यिनी भुइँचालोको त्रासले आफै विक्षिप्त भइसकेका रहेछन् । केही आफन्तलाई गुमाएर बौलाएका, केही धनको शोकले बौलाएका एक जनाले जग्गा धितो राखी बैंकसित स्वप्नमहल ठड्याएका थिए । घरकै भाडाले कर्जा विस्तारै सधाउने योजना थियो । ऊ बाहेक घरका सबै पुरिए, ढलेको घरमा । अब खाते छन् । कर्जा कहाँबाट सधाउने ? श्रीमती र लालाबालाको शोक के गरी सहने ? अनि, त्यो मान्छे नबौलाई को बौलाउँछ ? सडकमा.. भाग... भाग... भाग... भुइँचालो आयो... भनेर कराउने एउटा ऊ पनि हो । ईश्वरीय योजनाको अगाडि मान्छेका योजनाको के मोल छ ?

यस्तै विध्वंशको प्रलयंकारी ताण्डव चलेको बेला उसको शव फेला पऱ्यो । ऊ पहेंलो पाइजामा लगाएको दारीवाल मुसलमानको लाशलाई हामीले गंगबुमा फेला पा¥यौं । ठूलो भुइँचालोको सत्र दिनपछि, मंगलवार जब फेरि ठूलो भुइँचालो सर्वनाश लिएर आयो, हामी गंगबुमा थियौं । हाम्रै आँखा अगाडि घुस खान पल्किएको त्यो जुंगे जँड्याहा इन्सपेक्टर बूढो महेशप्रसादको पाँच तल्ले सेतो घर ढल्यो । तराईमा प्रशस्त घुस खाएर त्यसले तलामाथि तला थपेको कुरा उसलाई चिन्ने सबैलाई थाहा रहेछ । पछि उसको सरुवा काठमाण्डू गरियो । घरको ध्वंशबाट झिक्ता निस्किएका तीनवटा शवको सनाखत सजिलै भयो । मयलपोस सुरुबाल लगाउने जुंगे बूढो महेशप्रसाद, घरबुनाको चौबन्दी चोला लगाउने उसकी श्रीमती फूलमती, सेतो सुरुवाल र गुलाफी भोटो र ढाका टोपी लगाएको अन्दाजी पाँच–छ वर्षको बच्चो उसको नाति क्षितिज । तीनटैका खप्परका आधा–आधा भाग उडेका र पेट फुटेर आन्द्रा पकलक्क बाहिर निस्किएका ! शवहरूमा कताबाट आएर झिङ्गा भन्किन थालेका थिए । तीनवटा लाशलाई टोलका सबैले चिने, तर पहेंलो पाइजामावाला मुसलमानलाई कसैले चिनेन । को रहेछ यो मुसलमान ? उसको हातमा यो कालो झोला किन थियो ? त्यसले कालो प्लास्टिकको झोलाको उझिन्डो किन यसरी कस्सेर समातेको देखिन्छ कि मरे पनि उसको हात खुकुलो हुन सकेन ??

'यो मुला मौकाको फाइदा उठाउन छिरेको चोर हो कि ?' सुधीरले जिज्ञासा राख्यो, 'नभए त्यो खाँट्टी बाहुनको घरमा मुसलमानको के काम ?'

सबैले आ–आफ्नो किसिमले अड्कल काट्थे, तर सनाखत गाह्रो थियो । तिनलाई सेनाले जिम्मा लिएपछि हामी अगाडि बढ्यौं ।

अर्को दिन हामी पाटनमा थियौं, राहत संकलन गर्दै । देश–विदेशबाट राहतमा पाल पठाइयो, तर फेसबुक, ट्विटर जस्ता सामाजिक संजालमा नेता र सांसदहरूले पाल चोर्न थालेका, कार्यकर्ताहरूले बिक्री समेत गरेका, रकमको दुरुपयोग हुन थालेका पुष्ट–अपुष्ट खबरहरू पोस्ट गरिएकाले जनतामा आक्रोश बढ्दै थियो । भूकम्पको धक्का रोकिएको थिएन । गंगबुमा केही चर्केका घर फेरि ध्वस्त भएको सूचना प्राप्त भयो । हाम्रो मस्तिष्कमा पहेंलो पाइजामा लाउने, तीलचामले दारी पालेको त्यसै मुसलमानको चित्र नाच्न थाल्यो । हाम्रो टोली गंगबु पुग्यो ।

साँझ पाँच बजिरहेको थियो । हामी त्यसै बूढो इन्सपेक्टरको घरको ध्वंशावशेषनेर पुग्यौं । अहिले त्यहाँ बुर्का लगाएकी एउटी महिला छाती ठट्टाई–ठट्टाई अललिएर रुँदै थिई, 'या अल्लाह ! मेरा बा–आमालाई किन खोसेर लग्यौ, मौला... मलाई टुहुरी किन बनायौ ? मलाई विधवा किन बनायौ ?'

'ए, त्यसो भए त्यो मर्ने मुसलमान यसकै पोइ रहेछ ! तर महेशदम्पती यसको बाबुआमा कसरी भयो ?' अरविन्द यो गाँठो फुकाउन सकिरहेको थिएन ।

त्यस बुर्कावाली महिलाको अन्तर्लोकको पराकम्पन अलिक थामिएपछि हाम्रो टोलीका नरेशले कुरा ग¥यो र जे थाहा पाइयो त्यो अचम्म लाग्दो थियो ।

महेशप्रसादका पिता टेकप्रसाद सेनामा कप्तान थिए । गुलरियामा टेकप्रसाद र नबाव शेख (मृतक) का आमापट्टिका हजुरबा मस्तान शेख छिमेकी थिए । होली र दशैं मान्न मस्तानको परिवार टेकप्रसादकहाँ आउने, ईद, बकरीद र शबेबरातमा सेबइ गोश्त र हलुवा खान टेकप्रसादको परिवार मस्तान शेखकहाँ पुग्ने । टेकप्रसाद र मस्तान दुबै पुराना काँग्रेसी थिए, खुवै मिल्ने ! टेकप्रसादको छोरो जन्मियो । न्वारान गरियो, 'महेशप्रसाद' । मस्तान शेखले छोरी पायो । नाउँ राखियो, 'शवनम' । महेश र शवनम संगै हुर्के, खेले र बैंस आएपछि अझ नजीक भए । संगै एउटै स्कुलमा पढ्न जान्थे र पीपल र वरका छायाँमा बसी मीठा–मीठा गफ गर्थे । महेश शवनमलाई मनपर्ने आँपका चिचिला र तित्री टिपेर ल्याउँथ्यो, शवनम सेतो हत्केलामा मेहदी रचाउँदा मुटुको चित्र बनाई बीचमा 'एम' लेख्थी । एक दिन शवनमकी आमाले यो 'एम' देखी र झस्किई । महेशकी आमालाई पनि छोरो स्कुल जान बेचैन रहेको, कम बोल्नथालेको, राति–राति ओछ्यानमा ननिदाई कोल्टो पछि कोल्टो फेरेको र शवनमलाई देख्नासाथ आँखामा बिजुली चम्केको, गालामा गुलाफ फक्रिएको अर्थ लाग्न थाल्यो । गाउँमा बग्ने पुरबा–पछिया पवनले सुसेल्दै यो प्रीतिकथा घर–घर पु¥याइदिएपछि दुबै प्रेमी आत्माका अभिभावकका मथिङगलमा नसीहतका लट्ठी बज्रिन थाले । दुबै प्रेमी एक–अर्काको अँगालोमै बाँच्न र मर्न चाहन्थे । तर यो संभव भएन । यो आघात बिर्सिन जाँडले नपुगेर इन्सपेक्टर राति–राति मर्फियाको सुई लिन्थे रे । शवनमको निकाह जवर्दस्ती एउटा स्वास्नी मरेको टेलर मास्टरसंग गरियो । तर, निकाह हुनु भन्दा दुई महिनाअघि देखि नै शवनम महेशबाट गर्भवती थिई । शवनमकै छोरो थियो यो पहेंलो पाइजामा लगाउने नबाब शेख । नबाब यस अललिएर रुने जुलेखा शेखका पति थिए । यस नाताले नबाब र जुलेखा र तिनकी बैंसालु छोरी जमीला व्यापारका लागि जब काठमाण्डू आए, इन्सपेक्टर महेशप्रसादको घरमा सजिलै डेरा पाए । त्यस बेला यो जँड्याहा इन्सपेक्टर महेशप्रसादको जागिर हनुमानढोका थानामा थियो । बडो रवाफिलो, तर जाँड र घुस दुबै खान बदनाम । यता नबाब र जुलेखाले नयाँ सडकको गल्लीमा 'डिपार्टमेन्टल स्टोर' खोलिसकेका थिए । त्यसमा कहिले नबाब बस्थ्यो, कहिले जुलेखा र कहिले जमीला । इन्सपेक्टर–इन्सपेक्टरनीलाई नबाब र जुलेखाले बा–आमा नै भन्थे । इन्सपेक्टरको छोरो कामदेव त्यस बेला बी.कम.मा पढ्थ्यो । अहिले त्यो अस्ट्रेलियामा सी.ए. छ । कामदेव नाम अनुरुप नै सुन्दर र स्मार्ट थियो भने त्यो भन्दा जमीला कम थिइन । हो, उसको पढाइ चाहीं एस.एल.सी. सम्म मात्र हुन सक्यो ।

एक दिन नबाब र जुलेखा नयाँ सडकको पसलमा थिए । त्यसै बेला इन्सपेक्टरनीलाई जुलेखासित केही सोध्न मन लाग्यो । उनी जुलेखाको कोठामा गइन् । चुकुल लगाइएको थिएन । हलुको पाराले धकेल्नासाथ ढोका ह्वाङ्डै खुल्यो । त्यसपछि उनले जे देखिन्, त्यसले उनको दिमाग घंटौ नौ रेक्टरभन्दा कम बेगले हल्लिन थालेन । भर्खर जन्मिएका बच्चाझैं दुबै निर्वस्त्र थिए । दुई लहराझैं एक अर्कामा बेरिएका । इन्सपेक्टरनीलाई देख्नासाथ दुबै अतालिएर छुट्टिए र वस्त्र खोज्न थाले । एक छिनपछि इन्सपेक्टरनीको खप्परमा रणचण्डी चढ्यो । अन्धाधुन्द लात र मुड्कीले जमीलालाई खाँद्न थालिन् । इन्सपेक्टरले सुन्यो, आफ्ना आफ्ना पुराना दिन सम्झ्यो, त्यसको पीडा सम्झ्यो । नबाबको सरसामान फाली उसको परिवारलाई घोक्रयाएर बाहिर निकाल्दियो । गहना चोरीको अभियोगमा नबाबलाई तीन दिन थानामा पनि राख्यो । परदेशको ठाउँमा यो शेखपरिवार अलपत्र प¥यो । महिना दिन जति विष्णुमती किनारमा रहेको ताहाचलको एउटा पाटीमा, तर्कारी बेच्नेहरूसंग दिन काट्यो र पछि बागबजारमा मुसलमानकै घरमा डेरा पायो ।

'तिम्रा बाबु के गर्थे जुलेखा भाउजू ?' मुकुचाले प्रश्न ग¥यो ।

'लखनउमा तांगा चलाउँथे । ट्रकको ठक्करले दुर्घटनामा परी मरे.. मेरा पनि बाबुआमा यिनै थिए..' ऊ फेरि रुन थाली, 'इन्सपेक्टर बाले जति दुःख दिए पनि हामी यहाँ आउन छाडेनौं । बाबुआमा भनेकै यिनी नै ?' जुलेखाले कुराका सिलसिला जोरी ।

'अनी, मंगलवार तिम्रो लोग्ने नबाब किन आएको थियो यो घरमा ?' गणेशले जिज्ञासा राख्यो । 'अनि, उसको हातमा रहेको कालो प्लास्टिकको झोलाभित्र के थियो ?' मोहनले थप प्रश्न ग¥यो ।

'त्यो दिन भुइँचालो आउनुभन्दा अगाडि मेरा लोग्ने नबाब शेख महेशबा र शारदा आमा भोकभोकै मर्न लागेका हालान् भनेर तिनलाई साह्रै मनपर्ने बिरियानी र कुखुराको गोस त्यो कालो झोलामा लिएर आएका थिए । हाम्रा बालाई मासु र बिरियानी साह्रै मन पथ्र्यो हजुर.. तर बिचरा भोकै मरेहोलान्... या अल्ला !.. या रब !!' त्यो फेरि भुइँमा लोट्न थाली ।

राति सात बजिसकेको थियो । मलाई मेरी श्रीमती र छोरोको चिन्ता थियो । तीनकुनेको बस स्टपनेर अझै पनि तिनी कुरेरै बसेका होलान् ।

'अब जाऔं !' मैले साथीहरूलाई भनें । तर जाँदाजाँदै मोहन श्रेष्ठले कोट्यायो 'अनि भाउजू, जमीला र कामदेवको प्रेमकथाको के भयो ?'

जुलेखा लजाई, 'दुबैमा अझै पनि उत्तिकै माया छ । ऊ मेरी जमीलासित विवाह गर्न पच्चीस मईका दिन आउँदै छ । तपाईंहरू पनि आउनु होला ।'

'तिमी मुसलमान, ऊ हिन्दू । तिमी मदिसे, ऊ पहाडे । कसरी मिल्छ्यौ ?'

'केराको राम्रो, सरलक्क परेको, लाम्चो पूmल देख्नु भएको छ, हजुर ? त्यो कति सुन्दर हुन्छ ? त्योभित्र केराका अनगिन्ती र थरीथरीका चिचिला सुरक्षित हुन्छन् र फूल झऱ्यो भने चिचिला बाँच्छन् ? हो केराको फूल जस्तो सुन्दर हाम्रो देशभित्र हामी सम्पूर्ण नेपाली सुरक्षित छौं । जात र धर्मभन्दा ठूलो नेपाल हो हजुर.. हामी सबै नेपाली एक हौं ।...'

उसको दर्शन सुनेर हामी पक्क परी उसको अनुहार टुल्टुल्ती हेर्दै थियौं । जमीला पनि आइपुगी र त्यहाँको माटो हातमा लिई निधारमा छुवाई, 'यो मेरो ससुराको मजार हो ।' त्यसै बेला गाइनेले सारङ्गी फेरि रेट्न थाल्यो,

'माया नै हो यो सुन्दर,
सिर्जनाको मूल
माया रहेसम्म फूल्छन्,
सिर्जनाका फूल
झऱ्यो फूल एउटा के भो,
हजार भई पूmल्छन्
फेरि यसै धरतीमा,
हरियाली झुल्छन्
सृष्टिको क्रम रोकिंदैन,
रहेसम्म सास
पौरखी यी पाखुरामा,
राख है विश्वास... राजन
राख है विश्वास........ ?'

# ‘शिक्षक साँचो अर्थमा शिक्षक हुन्छ’



काठमाडौं उपत्यका नजिकको एउटा जिल्लाकी एक छात्रा भर्ना भइन् । कसले ल्याएर भर्ना गरेको थियो, उनका अभिभावक कस्ता थिए, उसले मेलो पाएन । छात्रा अनियमित थिइन् । सातामा तीनचार दिनजसो अनुपस्थित रहन्थिन् । पहिलो महिना त उसले उति वास्ता गरेन । छात्रा औसतभन्दा अलिक बढी उमेरकी जस्तो ठान्यो । औसत उमेर १४ वर्षजति हुनुपर्ने थियो ।

एक दिन विद्यालयमा शिक्षक बैठक चल्दै थियो । मुख्य विषय थियो, नयाँ शैक्षिक वर्षको तयारी । सरकारी विद्यालय न हो, छनोट गरेर भर्ना लिने त स्थानाभाव देखाएर मात्रै हो । ठूला सहरका धेरैजसो सरकारी विद्यालयले छनौटा विद्यार्थी भर्ना लिनुपर्छ — निजी विद्यालयले भर्ना नलिएका, निष्कासन गरेका र अलिक राम्रो भनिएको सरकारीले पनि छाडेका । यस्ता अधिकांश छनौटाहरू आर्थिक रूपले निकै कमजोर परिवारका हुन्छन् । बहुधा यस्तो परिवारका बालबालिका पनि विभिन्न कारणले पढाइमा कमजोर देखापर्छन् । ऊ पढाउने विद्यालयका बहुसंख्यक विद्यार्थी गरिब परिवारका छन् । सबै छनौटा छैनन् तर अधिकांश गरिब परिवारकै छन् । दिनदिनै कमाएर खानुपर्ने परिवारका पनि छन् ।

ती विद्यार्थीले सिंगो नेपालको प्रतिनिधित्व गर्छन् । सतहत्तरै जिल्लाका छैनन् तर सबै प्रदेशका छन् र आधाभन्दा बढी जिल्लाका छन् । हिमाल, पहाड र तराईका छन् । काठमाडौं उपत्यका वरिपरिका जिल्लाका धेरै छन्, त्यसपछि बढी कर्णाली र सुदूरपश्चिमका ।

जातीय विविधता त झन् गज्जबको छ । सिंगो नेपालको चित्र हेर्न यही एउटा सरकारी विद्यालय नै पर्याप्त छ भन्नु अत्युक्ति हुँदैन भन्ने ऊ ठान्छ । यो एउटा मात्र होइन, काठमाडौं उपत्यकामा यस्ता सरकारी विद्यालय अरू पनि छन् जसले नेपालको मुहारचित्र देखाउँछन् । एकपटक एक जना प्रधानाध्यापकले मेरो स्कुलमा पैंसठ्ठी जिल्लाका विद्यार्थी छन् भनेको उसको स्मरणमा छ । खासमा धेरैजसो देशका राजधानी सहरमा देशभरिको अनुहार देखिन्छ । गरिब वा अल्पविकसित मानिने नेपालजस्ता धेरै देशमा राजधानीको नियति यस्तै हुन्छ भन्ने उसलाई लाग्छ ।

अँ ! शिक्षक बैठकको कुरा; अधिकांश विद्यार्थी कमजोर छन्, औसतभन्दा पनि धेरै कमजोर । निर्धारित समयमा पाठ्यक्रम पूरा गर्नुपर्ने बाध्यात्मक अवस्थामा यस्ता विद्यार्थीको कक्षामा बहुसंख्यकको सिकाइ सुधार गर्न सकिँदैन ।

किन सकिँदैन ?

किनभने ती कमजोर विद्यार्थीहरू मिहिनेत गर्दैनन् । कतिपय त नियमित उपस्थित हुँदैनन् । तिनका आमाबाबुले सिकाइमा मद्दत गर्न सक्दैनन् । धेरै आमाबाबुको त मद्दत गर्न सक्ने शैक्षिक स्तर नै हुँदैन । हुनेले पनि समय दिन भ्याउँदैनन् । बैठकमा धेरैजसो साथीहरूबाट यस प्रकारको धारणा प्रकट भयो । खासमा धारणाभन्दा पनि साथीहरूको कुरा वस्तुगत यथार्थ थियो । प्रस्ट देखिएको कुरा यही थियो । जे प्रस्ट देखिएको छ, त्यही बोल्नु त शिक्षकको धर्म नै हो । शिक्षकलाई आफ्ना विद्यार्थीका आमाबाबु–अभिभावकको आर्थिक–सामाजिक अवस्थाबारे थोरबहुत जानकारी नहुने कुरा पनि भएन ।

शिक्षण–सिकाइमा अपेक्षित उपलब्धि हासिल नभएपछि, अझ न्यूनतम मानिएको उपलब्धि पनि हासिल नहुने अवस्थामा शिक्षक निराश हुनु स्वाभाविक हुन्छ । उसको शिक्षण अनुभवले भन्छ – शिक्षण–सिकाइमा शिक्षकको प्रयासले अपेक्षित उपलब्धि दिन अभिभावकको सहयोग आवश्यक पर्छ । शिक्षकलाई जति नै बढी जिम्मेवार ठह¥याए पनि अभिभावकको केही मद्दत नभई अपेक्षित उपलब्धि सम्भव छैन । अपवाद त जहाँ पनि हुन्छ ।

बैठकमा उसको बोल्ने पालो आयो – साथीहरू ! निश्चय नै, हाम्रा आधा विद्यार्थीले पनि अपेक्षित त के, तोकिएको न्यूनतम सिकाइ नै पूरा गरेका छैनन् । यही अवस्थामा गर्न पनि सक्दैनन् । यसो भए पनि यिनको शिक्षक भएकोमा मलाई गौरव छ । गौरव किन छ भने म ती विद्यार्थी पढाउँदै छु जो अन्त्यत गरिब परिवारका छन् । तिनका आमाबाबु तै जीवन चल्छ कि भनेर टाढाटाढाबाट राजधानीमा आएका छन् ।

ऊ बोल्दै गयो – आफ्नो कमाइले मात्र नपुगेर कति आमाबाबुले त विद्यार्थी छोराछोरीलाई पनि काममा पठाएका छन् । कोही विद्यार्थी काम गरेर आउँछन् त कोही स्कुलबाट सोझै काममा जान्छन् र अबेर फर्किन्छन् । केही विद्यार्थी त घरेलु कामदार छन् । हामी सबैजसोलाई यो यथार्थ थाहा छ ।

ऊ रोकिएन – यस्तो अप्ठ्यारोबीच पनि तिनको पढ्ने चाहना छ । तिनका आमाबाबु छोराछोरीलाई शिक्षित बनाउन चाहन्छन् । कतिपय आमाबाबु त दुर्गम गाउँमा छोराछोरीको पढाइ सम्भव नहुने देखेर मजदुरी गरेरै भए पनि पढाउँला भनेर राजधानी आएका छन् । ती गरिब आमाबाबुलाई आफ्ना छोराछोरीले राम्रो पढ्नुपर्छ भन्ने मात्र थाहा छ । पढाउन तल्लीन छन् । जस्तोसुकै कष्ट उठाउन पनि तयार छन् । हामीमाथि भर गरेका छन् । हाम्रो विश्वास गरेका छन् । यस्ता आमाबाबुका छोराछोरी, यस्ता विद्यार्थीलाई जति सिक्न सक्छन् त्यति सिकाउन पाएकोमा, तिनलाई पढाउन पाएकोमा मलाई गौरव छ । उसले यसरी कुरा टुंग्यायो – साथीहरू, घाम जत्तिकै छर्लंग तथ्य आत्मसात् गरेर अधिकतम प्रयास गरौं । कहिलेकाहीँ उसको कुरा बढी आदर्शवादी र सैद्धान्तिक पनि ठानिन्छ । व्यावहारिक हुन सुझाव पनि आउँछ । ऊ भन्छ – आदर्श र सिद्धान्तअनुसार व्यवहार गर्नुपर्छ ।



२०७२ को भूकम्पपछिको समय थियो, चित्राले बारेको टहरामा शिक्षण–सिकाइ चल्दै थियो । काठमाडौं उपत्यका नजिकको एउटा जिल्लाकी एक छात्रा भर्ना भइन् । कसले ल्याएर भर्ना गरेको थियो, उनका अभिभावक कस्ता थिए, उसले मेलो पाएन । छात्रा अनियमित थिइन् । सातामा तीनचार दिनजसो अनुपस्थित रहन्थिन् । पहिलो महिना त उसले उति वास्ता गरेन । छात्रा औसतभन्दा अलिक बढी उमेरकी जस्तो ठान्यो । औसत उमेर १४ वर्षजति हुनुपर्ने थियो ।

एक दिन उसले सोध्यो – तिमी किन धेरै अनुपस्थित हुन्छ्यौ ?

‘सर, म आउँन भ्याउँदिनँ ।’

‘किन ?’

‘काम गर्नुपर्छ ।’

‘के काम गर्छ्यौ ?’

‘बुटिकमा ।’

‘बुटिकमा के काम ?’

‘सबै काम ।’

‘कसको बुटिक हो ।’

‘हाम्रो गाउँतिरकी दिदीको ।’

‘उहाँले स्कुल नजानू भन्नुभएको छ ?’

‘कहिलेकाहीँ जानू, काम धेरै भएको दिन नजानू भन्नुभएको छ ।’

‘तिमी कति वर्षकी भयौ ?’

‘...’

‘ठिकै छ, भन्न मन लाग्दैन भने नभन, भन्दिनौ ?’

‘...’

‘भन्दिनौ ? ल भइ’गो, भन्नु परेन ।’

फ्याट्ट बोलिन्, ‘बाईस वर्षकी भएँ !’

उसको अनुमान ठिक ठहरियो ।

फेरि सोध्यो – बीचमा पढाइ छाड्यौ कि ढिलो पढ्न थालेकी हौ ?

‘छाडेको ।’

‘तिमीले बुटिकको काम जानेकी रहिछौ । नियमित स्कुल आउन पनि नपाउने रहिछौ । आखिर गरिखानु हो, काम जानेपछि त भइ’गो । किन स्कुल भर्ना भयौ त ?’

‘मलाई पढ्न मन छ । एसईई (कक्षा दस) पास गर्न मन छ ।’

‘तिमीले धेरै मिहिनेत गर्नुपर्छ । नियमित स्कुल आउनुपर्छ । त्यसो गर्न सक्छ्यौ त ?’

‘...’

‘ल भइ’गो, तिमी बाइस वर्षकी भयौ, कुरा बुझ्न सक्छ्यौ । तिम्रो पढ्ने चाहनालाई सलाम छ । म सकेको सहयोग गर्छु । मलाई भन्न अप्ठ्यारो नमान्नू ।’

‘हस् सर ।’

‘अँ, तिमी यहाँ (काठमाडौंमा) कोसँग बस्छ्यौ ।’

‘एक्लै बस्छु ।’

‘तिम्रा आमाबुबा नि ?’

‘गाउँमै हुनुहुन्छ ।’

‘तिम्रो पढाइमा आमाबुबाले मद्दत गर्नुहुन्छ होला नि ?’

‘...’

‘किन तिमी त...! आमाबुबालाई भेट्दिनौ र ?’

‘...’

उसले छात्राको अनुहारको भाव फेरिएको अनुमान ग¥यो । तैपनि रोकिएन ।

‘आमाबुबा दुवै जना हुनुहुन्छ ?’

‘हुनुहुन्छ ।’

‘उहाँहरू दुवै जना तिमीलाई जन्म दिने नै हो ?’

‘हो ।’

‘अनि ? आमाबुबासँग सम्बन्ध राम्रो छैन ?’

‘...’

‘लौ तिमी त रून थाल्यौ, किन ? के भयो ?’

‘...’

‘ल, नरोऊ । सायद मैले तिम्रो कुनै घाउ कोट्याएँ । सरी ! अब कहिल्यै सोध्दिनँ । नरोऊ । म सकेको मद्दत गर्छु । पढाइ नछोड्नू ।’

अर्को कुनै दिन उसले फेरि छात्रासँग कुरा गऱ्यो ।

‘बुटिककी दिदीलाई भेटेर तिम्रो पढाइमा मद्दत गर्न आग्रह गर्छु, मलाई ठाउँ देखाइदेऊ है ।’

‘पर्दैन सर ।’

‘किन ?’

‘दिदीले मान्नुहुन्न ।’

‘यसरी त तिम्रो पढाइ राम्रो हुँदैन नि ! धेरै वर्ष छुटिसक्यो। पढाइको नाममा तिम्रो समय मात्रै खेर जान्छ । म दिदीलाई आग्रह गर्छु नि ।’

‘म मिहिनेत गर्छु ।’

‘मैले अनुमान गरेँ, तिमी कुनै न कुनै समस्यामा छ्यौ । जिन्दगी यस्तै हो नानु ! अनेक समस्या झेल्नुपर्छ । तिमीले पढ्ने आँट ग¥यौ, तिम्रो आँटलाई र मिहिनेत गर्छु भन्ने अठोटलाई फेरि पनि सलाम छ । सक्नेसम्मको सहयोगका लागि तयार छु । भन्न अप्ठ्यारो नमान्नू ।’

‘...’

ती छात्राको उपस्थिति झन् पातलो भयो । आखिर, आउनै छाडिन् । प्रथम त्रैमासिक परीक्षामै उपस्थित भइनन् । ऊ प्रस्ट छ, यो घटना प्रतिनिधिमूलक होइन । औसत घटना त हुँदै होइन । अपवाद हो । आठ वर्ष बित्यो । ती छात्रासँग आमनेसामने भएछ नै भने पनि ऊ चिन्ने छैन तर उनीसँगको उल्लिखित संवाद स्मरणमा ताजा छ । संवाद हुँदाको उनको मनस्थिति जो देखेको थियो त्यो झल्झली छ । कहिलेकाहीँ अपवाद नै बलशाली भइदिन्छ । नियमले नभेट्ने अपवाद अलग्गै स्मरण गर्नुपर्ने हुन्छ । उक्त अपवाद संवाद र समय उसले बल गरेर स्मरण गर्नुपरेको छैन । शिक्षण पेसाको एउटा अविस्मरणीय घटना भएर बसेको छ । ऊ पेसा जुनसुकै होओस्, त्यसको सफलता आफू त्यो पेसाकर्मी भएकोमा गौरव गर्नुमा छ भन्ने विश्वास गर्छ । शिक्षण गर्नु अर्थात् शिक्षक हुनु पेसाभन्दा बढी जिम्मेवारी हो । शिक्षक हुनु जागिर खानुभन्दा अलिक फरक काम हो । शिक्षक हुनु देशका लागि भावी जनशक्ति तयार गर्ने कामको महत्वपूर्ण एक अंश जिम्मा लिनु हो ।

आज काम हुँदैन भन्ने सुविधा शिक्षकलाई हुँदैन । फलानो फलानो कागजपत्र पुगेन, पुऱ्याएर ल्याऊनू अनि मात्रै काम हुन्छ भन्ने सुविधा हुँदैन । सिफारिस लिएर आउनू भनेर काम पन्छाउने छुट पनि हुँदैन । मेरो काम गरिँदिँदै गर है भनेर सहकर्मीलाई जिम्मा दिने सुविधा पनि हुँदैन ।

‘निष्ठापूर्वक प्रतिज्ञा गर्दै ईश्वर÷देश र जनताका नाममा शपथ लिन्छु...’ भनेर तलुकवाला अधिकारीका सामु शपथपत्र अनुपाठ गरेर पालना नगरे पनि हुने सुविधा पनि शिक्षकलाई हुँदैन । सुविधा हुँदैन भन्नुको अर्थ सुविधा हुनुपर्थ्यो भन्ने होइन । छुट हुँदैन भन्नुको तात्पर्य छुट हुनुपर्थ्यो भन्ने पनि होइन । जिम्मेवारी र कर्तव्यको गम्भीरता जनाउन चाहेको हो । शिक्षकले तत्काल परिणाम दिनुपर्छ । परिणामको जिम्मा पनि लिनुपर्छ । त्यसैले भनेको शिक्षण पेसा जागिरभन्दा बढी जिम्मेवारी हो भनेर ।

यति गहन जिम्मेवारी पूरा गर्न लगनशीलता र प्रतिबद्धता चाहिन्छ । शिक्षकले आफैंसँग शपथ लिएको हुनुपर्छ, आफैंप्रति इमानदार भएको हुनुपर्छ । आफूसँग शपथ लिन नसक्ने र आफैंप्रति इमानदार हुन नसक्ने व्यक्ति शिक्षक हुन योग्य हुँदैन । शिक्षक हुने आवश्यक पहिलो योग्यता यही हो । विश्वविद्यालयको शैक्षिक प्रमाणपत्र एक्लैले यस्तो योग्यता दिन सक्दैन । शिक्षक व्यक्ति स्वयंले हृदयबाट हासिल गर्नुपर्छ ।

शिक्षक हुनु भनेको पाठ्यपुस्तक पढाउनु मात्रै होइन । सेवा गर्नु हो, त्यसैले भनेको शिक्षासेवा । सेवामा समर्पणको भाव आवश्यक हुन्छ । शिक्षकले आफूलाई विद्यार्थीमा निःसर्त समर्पण गरेको हुनुपर्छ । तब मात्र शिक्षण साँचो अर्थमा शिक्षण हुन्छ । शिक्षक साँचो अर्थमा शिक्षक हुन्छ ।

यसो भनेर शिक्षक सबथोक हो, अचुक औषधि हो भनेको पनि होइन । शिक्षक हुनुको मर्म आत्मसात् गर्दै शिक्षण–सिकाइ अब्बल बनाउन प्रयत्नरत रहनुपर्छ भनेको हो । अनुभवलाई व्यवहारमा रूपान्तरण गर्दै जिम्मेवारी निर्वाह गर्नुपर्छ भनेको हो । शिक्षक हुनु भनेको आफ्ना विद्यार्थीहरूलाई सत्यको मार्गमा हिँडाउन सक्नु पनि हो । अँध्यारोबाट उज्योलोतिरको बाटो देखाउनु हो । मृत्युको कला सिकाउनु पनि हो ।

ॐ असतोमा सद्गमय ।
तमसोमा त्योतिर्गमय ।
मृत्योर्मा अमृतं गमय ।
ॐ शातिः शान्तिः शान्तिः ।।

---

कविता

# मेरे बाबुजी



• राघवेन्द्र साह



स्वतन्त्रा सेनानी मेरे दादाजी के घर,
दुसरे पुत्र के रुप मे जन्मे थे,मेरे बाबुजी
सदा जीवन उच्च विचार के धनि ,
बचपन से हि एक क्रान्तिकारी योद्धा थे, मेरे बाबुजी

गाउँ, शहर, देश के हर समस्याको पत्र पत्रिका मे लिखकर,
जन जन मे पहुँचानेका काम करते थे,मेरे बाबजी
उस से भि न हो सके तो,कविता और कहानी लिखकर,
समाज के व्यथा को लिखते थे, मेरे बाबुजी

राणा, राजा के क्रुरता के विरुद्ध लडने के कारण
कई बार जेल पडेथे, मेरे बाबुजी
चिराग से कम नही, हर कोई को रोशनी देते,
घर की बुनियादे, दिवारे, सहारा थे,
मेरे बाबुजी

सब से खास, सवको एक साथ,
बांधे रखने का हुनर रखते थे, मेरे बाबुजी
स्वभिमान, सम्मान के प्रतिमुर्ति बाबुजी सदैव कहते थे
जाहि विधि रखे राम ताहि विधि रहिए
सीताराम सीताराम सीताराम कहिए
कहते थे मेरे बाबुजी

अन्त में
उनके दिए गए उपदेश, सन्देश
उनका सम्मान, स्वभीमान
उनका उतराधिकारी होने के नाते
विश्व भर मे फैलाने का कार्य करु,
यहि आषिश मांगु आप से मे बावुजी

# जितिया उत्सव







ज्योति झा

*यस पर्वले महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर हुन्छ । यसमा स्वर्गवास भएको सासु वा आमाको नाममा नैवेद्य चढाइन्छ र 'पितरैन' खुवाइन्छ । त्यसमा पनि सासु पहिला स्वर्गबास भएको छ भने आमा र सासु दुवैको नाममा पितरैन खुवाइन्छ । तर यदि सासुभन्दा पहिला आमा बितुभएको छ भने जबसम्म सासु परलोक जानु हुन्न तबसम्म पितरैन खुवाउन मिल्दैन । पितरैनलाई दिवगंत भएका सासु र आमाको रूप बुझिन्छ ।*

तराई मधेशमा जितिया पर्वको रौनक छ । तराई जसलाई हामी मिथिलाञ्चल, मिथिला भनेर पनि चिन्छौँ । मिथिलाञ्चल पर्व र त्यौहारको मामिलामा एकदमै धनी छ । यहाँ यस्ता धेरै पर्व छन्, जसको आआफ्नै विशेषता र महत्व छ । त्यस्तै पर्वमध्येको एक हो जितिया । यसलाई तराई–मधेशको महान पर्व पनि भनिन्छ । यो पर्व तराईवासीका लागि धेरै महत्वपूर्ण र विशेष छ । छठजस्तै कठोर र नियम निष्ठा भएको जितिया पर्वलाई तराईवासीले श्रद्धा र भक्तिले मनाउने गर्छन् ।

सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुखशान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक, सांस्कृतिक तथा तान्त्रिक महत्व रहेको छ । यस पर्वले महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर हुन्छ । यसमा स्वर्गवास भएको सासु वा आमाको नाममा नैवेद्य चढाइन्छ र 'पितरैन' खुवाइन्छ । त्यसमा पनि सासु पहिला स्वर्गबास भएको छ भने आमा र सासु दुवैको नाममा पितरैन खुवाइन्छ । तर यदि सासुभन्दा पहिला आमा बितुभएको छ भने जबसम्म सासु परलोक जानु हुन्न तबसम्म पितरैन खुवाउन मिल्दैन । पितरैनलाई दिवगंत भएका सासु र आमाको रूप बुझिन्छ ।

उपवास बसेका दिन ब्रतालुले मुखमा थुक निल्न, खकार वा जिब्रो टोकेमा ब्रत असफल भएको मानिन्छ । र, ब्रत असफल भएमा यसको नकारात्मक असर पर्ने बुझाई आमजनमा छ । त्यसैले पनि जितिया पर्वलाई कठोर पर्व पनि भनिन्छ । असफल भएकी ब्रतालुले आजीवन ब्रत बस्न नपाउने नियम छ ।

जितिया पर्व पनि छठजस्तै तीन दिनसम्म चल्छ । जसमा पहिलो दिन चोखो भएर विभिन्न मिष्ठान्न परिकार खाइन्छ । यस्तै दोस्रो दिन ब्रती निराहार ब्रत बस्छन् र तेस्रो दिन ब्रतको अन्त्य हुन्छ । यो पर्व खास गरेर तराई मधेश, मिथिला, भारतको बिहार र उत्तर प्रदेशको केही ठाउँमा पनि श्रद्धापूर्वक मनाइन्छ ।

आश्विन कृष्णअष्ठमीमा आफ्ना सन्तानको मङ्गल कामना र लामो आयुका लागि महिला जितियामा ब्रत बस्ने गर्छन् । ब्रतको पहिलो दिन नदी, पोखरीमा स्नान गरी घिरौलाको पातमा पिना, तेल, सिन्दुर लगायतका सामग्री सूर्यपुत्र शालिवाहनका छोरा जितवाहन भगवानलाई चढाउने गर्दछन् ।

बिहीबार जनकपुरधामको गंगासागर, धनुषसागर, अरगजा पोखरीलगायत सरोवर, तलाउमा नहाय खाय विधि गरिएको छ । गंगासागर पोखरीमा ब्रतालुको भीड लागेको थियो । ब्रत बस्नु अघिल्लो दिन ब्रतालुले विभिन्न जलाशयमा स्नान गरी घिरौलाको पातमा पिना, सक्खर र तोरीको तेलसहितका पदार्थ चढाउने परम्परा छ ।

देवतालाई चढाएकै तेलमध्येबाट आआफ्ना शाखा सन्तानलाई पनि टाउको तथा शरीर भर नै लगाउने गरिन्छ । जितियाको पहिलो दिन माछा र कोदोको रोटी खाने परम्परा छ । राति ओटघन पनि गरिन्छ । ओटघनमा चिउरा, दही, केरा, अम्मट खाइन्छ । अम्मट आँपले बनाएको परिकार हो । यस्तो परिकार खानाले आयु बढछ् भन्ने धार्मिक मान्यता छ ।

ओटघन गरेपछि मूलगेटमा बसेर पानी पिउँदै 'हे ओटघन महाराज ओटघनिया रखिह' भन्ने प्रचलन छ ।

ब्रतको दोश्रो दिनलाइ खरजितिया भनिन्छ र यो ब्रतको मुख्यदिन पनि हो । दोश्रो दिन ब्रतालुहरू २४ घण्टा लामो निराहार उपवास बस्ने गर्छन् । ब्रत लिएका महिलाले थुक पनि निल्न नहुने धार्मिक मान्यता छ ।

जितवाहनको पूजा गर्न धुपदीप, चामल, फूल, चन्दन लिएर पूजा गरिन्छ । सँगै माटो अथवा गाईको गोबरले चिल वा स्यालको प्रतिमा बनाइन्छ । गोबरबाट बनाइएको प्रतिमाको टाउकोमा रातो सिन्दुरको टीका लगाइन्छ । पूजा समाप्त भएपछि जीवित पुत्रीको ब्रतको कथा सुन्नुपर्छ । यसो गर्नाले पुत्र भएको महिलाको पुत्रको लामो आयु हुने र नभएकोलाई पुत्र रत्नको प्राप्ति भई सुख समृद्धि प्राप्त हुने विश्वास छ । जितियाको सबैभन्दा मुख्य काम डाली भर्नु हो ।

डाली भर्न काँक्रो, नरिवल, बाँसको पात, जियल पात, सरिफाको पात, आखकर, जनै, सुपारी डालीमा राखिन्छ । यसले पुत्रको आयु बढ्छ । ब्रतको तेस्रो दिन अन्तिम दिन हो । यो दिन ब्राह्मणलाई दानदक्षिणा वा भेटी दान गरेपछि खाना खाने गरिन्छ । ब्रतपछि अरू परिकार खान मिल्ने भए पनि विशेषतः भात, नैनीको साग र कोदोको रोटीलाई सबभन्दा पहिले मुखमा लिने परम्परा छ ।

राजा शालिवहानको राज्यमा एउटी आमाकी सात छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएको र छोरा दीर्घसम्म बाच्ने भएकाले आमाहरूले त्यस दिनदेखि शालिवहानलाई 'जिमुतवाहन' नामाकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेको किम्वदन्ती छ ।

# १ सय ३१ वर्ष पुरानो अस्पताल

**अस्पताल परिसरमै एक अर्ब ५० करोड रुपैयाँको लागतमा थप ५ सय शैयाको भवन निर्माणका लागि पाँच वर्ष पहिले नै टेन्डर आह्वान भई प्रकृया अगाडि बढिसकेको अवस्थामा अदालतमा मुद्दा परेपछि ५ वर्षदेखि त्यो अड्किएर बसेको छ ।**




अघिल्लो शनिबार वीरगंजको नारायणी अस्पतालले शनिबार प्रथम वार्षिकोत्सव मनाएको छ । यद्यपि अस्पताल भने १ सय ३१ वर्ष पुरानो हो । ३ शैयाबाट सेवा सुरु गरेको अस्पताल यति पुरानो हुँदा पनि वार्षिकोत्सव भने पहिलोपटक मनाएको छ ।

अस्पताल स्थापनाको १ सय ३१ वर्ष पुगेको अवसरमा आयोजित प्रथम वार्षिकोत्सव समारोहमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहन बहादुर बस्नेतले भने, 'अस्पताल स्थापना भएको १ सय ३१ वर्ष भएछ तर वार्षिक उत्सवचाहिँ पहिलोपटक मनाएको देख्दा अरु रोचक लागेको छ । यस्तो ऐतिहासिक कार्यक्रममा सहभागी हुन पाउँदा सौभाग्यशाली ठानिरहेको छु ।'

विक्रम संवत १९४७ मा तत्कालीन राणा प्रधानमन्त्रीबाट निर्णय भई २०४९ सालमा पृथ्वी वीर अस्पतालको नाममा स्थापना भएको हालको नारायणी अस्पतालले ३ शैयाबाट सेवा सुरु गरेको थियो ।

काठमाडौँको वीर अस्पतालपछि देशकै दोश्रो सरकारी अस्पतालका रुपमा स्थापना गरिएको नारायणी अस्पतालले ३ शैयाबाट सुरु गरेको सेवा १ सय ३१ वर्ष पार गरिसक्दा ३ सय ५० शैयाको सेवा विस्तार गरेको निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. चिततरञ्जन साह बताए ।

मधेश प्रदेशको पर्सादेखि महोत्तरीसम्म पाँच जिल्ला र छिमेकी देश भारत बिहारको पूर्वी चम्पारण क्षेत्रकासमेत बिरामीको उपचार गर्दै आइरहेको नाराणी अस्पतालमा बहिरङ्ग र अन्तरङ्ग गरी दैनिक १ हजार ३ सय ५० भन्दा बढी बिरामीले उपचार सेवा लिइरहेका छन् । मधेशका पाँच जिल्लाका करिब ३० लाख जनसंख्या र छिमेकी मुलुक भारतका समेत बिरामीको आसा, भरोसा र आस्थाको केन्द्रका रुपमा रहेको अस्पतालमा भौतिक संरचना र दक्ष जनशक्तिको भने अभाव हुँदा उपचार सेवा प्रदानमा समस्या भइरहेको छ ।

२०७५ फागुन ३ गतेको मन्त्रिपरिषद निर्णय र स्वास्थ्य मन्त्रालयको २०७५ फागुन ७ गतेको परिपत्रअनुसार मधेश प्रदेशमै विशिष्ट विशेषज्ञ सेवा प्रदान गर्न तत्कालीन नारायणी उपक्षेत्रीय अस्पताललाई ५ सय शैयामा स्तरोन्नति गर्ने निर्णय गरी केन्द्रीय अस्पतालका रुपमा नारायणी अस्पताल नामाकरण गरिएको थियो ।

तर त्यसअनुसारको आवश्यक भौतिक संरचना र जनशक्ति अहिलेसम्म थप नहुँदा सेवाप्रवाहमा समस्या भइरहेको अस्पतालका प्रवक्ता डा. उदयनाराण सिंहले बताए । सिंहका अनुसार, अस्पताल परिसरमै एक अर्ब ५० करोड रुपैयाँको लागतमा थप ५ सय शैयाको भवन निर्माणका लागि पाँच वर्ष पहिले नै टेन्डर आह्वान भई प्रकृया अगाडि बढिसकेको अवस्थामा अदालतमा मुद्दा परेपछि ५ वर्षदेखि त्यो अड्किएर बसेको छ । अस्पतालमा बिरामीको चाप दिनानुदिन बढ्दै गएको तर शैया अभावमा बिरामीलाई भर्ना गर्न नसकिने समस्या मन्त्रीले पनि वार्षिकोत्सवमा सुनेका छन् ।

शैया अभावसँगै जनशक्ति पनि उत्तिकै अभाव रहेको छ । अस्पतालमा स्वास्थ्यकर्मी र कर्मचारीसहित ३ सय २१ जनाको दरबन्दी छ । तर तीमध्ये हाल २ सय ७३ जनाको मात्र पदपूर्ति भएको छ । चिकित्सकको मात्रै ७४ जनाको दरबन्दी स्वीकृत रहे पनि अस्पतालमा ५१ जनामात्र कार्यरत रहेको र २३ जना चिकित्सकको दरबन्दी खाली छ । यस्तै स्टाफ नर्समा ६६ जनाको दरबन्दी भए पनि ५७ जना मात्र कार्यरत छन् ।

सरकारको १ सय ९१ र अस्पताल विकास समितिको १ सय ७० गरी ३ सय ५० स्वास्थ्यकर्मी र कर्मचारीले सेवा दिइरहेका छन् ।

चिकित्सकको संख्या ८० मात्र रहेकामा उनीहरूमध्ये अधिकांश दैनिक ज्यालादारी र करारमा कार्यरत छन् । अस्पतालमा दिनहुँ बिरामीको चाप बढ्दै गएको र सेवा पनि थपिँदै गएकाले जनशक्तिले थेग्न गाह्रो भइरहेको देखिएको छ ।

अस्पतालमा एमआरआइ सेवा पनि सञ्चालनमा छ ।

**वैभव संयोजकः सुरेश यादव**

# लाखौँका भन्सार छलीका सामग्री बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले लाखौँ मूल्य बराबरका अवैध भन्सार चोरी निकासी पैठारीका विभिन्न सामान बरामद गरेको छ ।
इलाका प्रहरी कार्यालय खजुरीबाट खटिएको प्रहरीको गस्ती टोलीले विभिन्न मिति र समयमा जिल्लाको विभिन्न बोर्डरबाट अवैधरुपमा लादै गरेको पाँच लाख पन्ध्रहजार चार सय बराबरको अवैध चोरी निकासीका समानहरु बरामद गरेको हो ।विभिन्न भन्सारबाट प्रहरीले सोफी रक्सी,किराना समानहरु,कपडा,ओसारपसारमा संलग्न चारवटा मोटरसाईकल सहित बरामद गरेको जनाइएको छ । बरामद गरिएको समानहरुलाई शुक्रबार आवश्यक कारवाहीका लागि भन्सार कार्यालय जनकपुरधाम पठाइएको धनुषा प्रहरीले जनाएको छ ।

# वृहत सरसफाइ सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरग जनकपुरधाममा वृहत सरसफाई कार्यक्रम गरिएको छ ।
सप्ताहको प्रत्येक शुक्रबार गरिने बृहत सरसफाई कार्यक्रम अन्तरगत शुक्रबार राम मन्दिरको प्रांगनमा वृहत सरसफाई गरिएको हो । धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा आउने विजया दशमीलाई लक्षीत गरि शुक्रबार राम मन्दिर प्रांगनलाई वृहत सरसफाई गरिएको जनाइएको छ । कार्यक्रममा प्रहरी नायव उपरिक्षक रंजन अवा,नेपाली सेना,सशस्त्र प्रहरी,नगर प्रहरी,विभिन्न संघ संस्थाका कर्मचारीहरु र स्थानियहरुको सहभागीता रहेको थियो ।

# सेवामा समर्पित डा. रामनरेश

**रासस**
**जनकपुरधाम ।**
डा रामनरेश पण्डितको नाम मधेस र विशेष गरी जनकपुरबासीका लागि नौलो होइन । स्त्री रोग तथा प्रसूतिका लागि पण्डित यस क्षेत्रमा पहिलो नम्बरको डाक्टरमा गनिन्छन् । प्रादेशिक अस्पताल जनकपुरधामको निर्देशक समेत रहनुभएका उहाँ पछिल्लो डेढ दशकदेखि यसै क्षेत्रमा आफूलाई अब्बल प्रमाणित गर्दै आएका छन् । डा पण्डित मधेस प्रवेश गरेका बेला प्रदेशमा प्रसूति शल्यक्रिया वीरगंज र जनकपुरधाममा मात्रै सीमित थियो । तर त्यहाँ पनि सेवाग्राहीको सङ्ख्या पातलो थियो । ‘सुरुमा सुरक्षित प्रसूतिका लागि धेरै ठाउँमा शल्यक्रिया सेवा नै थिएन, न त यो विधामा धेरै चिकित्सक नै थियौँ । हाम्रो अथक प्रयासले नागरिकमा सेवाप्रति भरोसा र विश्वास जगाउन सक्यौ’, डा पण्डितले भने ।

पढाइमा अब्बल

महोत्तरीको मनरा शिसवा नगरपालिका–८ मा जन्मिएका डा पण्डितले गाउँकै बथनाहा स्कुलबाट विद्यालय शिक्षा पढे । उच्च शिक्षा भने चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज (टिचिङ हस्पिटल) काठमाडौँबाट हासिल गरे । डा पण्डितले सामान्य चिकित्सा (एचए), एमबीबीएस, स्त्री तथा प्रसूति रोगमा एमडी गरेका छन् । ‘विसं २०४२ मा एसएलसी गरेपछि २०४६ सादलमा एचए, २०५४ एमबीबीएस र २०५८ मा एमडीको पढाइ सकाएँ । त्यो समय स्त्री तथा प्रसूति रोगमा गिनेचुनेका मान्छेले मात्रै एमडी गर्थे । त्यही बेला मैले पनि अध्ययन पूरा गरेकामा अहिले गौरब महसुस हुन्छ’, उनले भने ।
उनले सरकारको छात्रवृत्तिमै सबै तहका अध्ययन पूरा गरेका हुन् । ‘उच्च शिक्षाका सबै तह सरकारको पूर्ण लगानीमा पढेँ । पैसा छैन, पढ्न पाइँदैन कि भन्ने चिन्ता कहिल्यै गर्नुपरेन । यो मेरो लागि सौभाग्य र आम विद्यार्थी तथा जिज्ञासुका लागि पनि प्रेरणाको विषय हुनसक्छ’, डा पण्डितले भने ।

सेवामा पनि अब्बल

विसं २०५८ मा उच्च शिक्षाको अध्ययन पूरा गरेपछि डा पण्डितले सोही वर्ष जेठमा जनकपुर आउनुभयो । जागिरको सिलसिलामा केही समय सर्लाहीको लालबन्दी प्राथमिक स्वास्थ्य केन्द्र, महोत्तरीको बर्दिवास अस्पताल र उदयपुरमा काम गरे । त्यसअघि सामान्य चिकित्सा विषयमा अध्ययनपछि काठमाडौँको परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल थापाथलीमा स्थायी जागिरेका रुपमा सेवा गरे ।

‘सेवा सुरु गरेको २२ वर्षमा केही समय बाहिर रहेँ हुँला तर त्यसपछि निरन्तर जनकपुरमै छु । पछिल्लो १५÷१६ वर्षदेखि त प्रादेशिक अस्पतालबाट कार्यसम्पादन गरिरहेको छु । यसरी आफ्नै क्षेत्रका नागरिकको सेवा गर्न पाउनु मेरो सौभाग्य पनि हो’, डा पण्डित भन्छन् । यस अवधिमा प्रादेशिक र निजी अस्पतालमा समेत गरी सानोतिनोबाहेक करिब १० हजार जति शल्यक्रिया र लाखौँ नागरिकको उपचार गर्ने अवसर पाएको उनले बताए । ‘म प्रादेशिक अस्पतालमा आउँदा प्रसूति वार्डमा प्रायः बेड खाली हुन्थे । नागरिकको विश्वास जित्न धेरै प्रयत्न ग¥याँै, जसले नागरिकलाई आकर्षित गर्दै लग्यो । अहिले त बेड पाउनै मुस्किल छ’, उनले स्मरण गरे, ‘त्यसको मुख्य कारण सरकारी नीति, गुणस्तरीय सेवा र जटिल अवस्थामा पनि सहजरुपमा काम गर्ने हामीजस्ता चिकित्सक नै हौँ ।’



अनुभव र सिकाइ

चिकित्सा क्षेत्रमा डाइग्नोसिसअर्थात् रोगको पहिचान सबैभन्दा जटिल र महत्वपूर्ण विषय भएको बताउने डा पण्डित त्यसमा आफू नेतृत्वको टिमले प्रदर्शन गरेको सफलताले नै जनकपुरलाई प्रसूति सेवाको ‘हब’ बनाउन सहजभएको धारणा राख्छन् । ‘सेवा अवधिमा १० हजार पटक शल्यक्रिया गरेको हुँदा, तर त्यसमा पनि २० देखि २५ वटा जटिल बिरामीलाई बचाउन सफल भएको क्षणले मलाई हरक्षण सेवामा खटिन ऊर्जा दिइरहन्छ’, उनी भन्छन् ।

डाक्टरका रुपमा सबैभन्दा आनन्द कति बेला आउँदो रहेछ ? हामीले सोधेको प्रश्नमा डा पण्डितले भने, ‘खोइ के हुने हो भन्दै अपरेसन थिएटर पसेको डाक्टरको टोली सफल भए फर्केको क्षण सबैभन्दा आनन्द दिने खालको हुन्छ, बिरामी र उनीहरुका आफन्तले पनि धन्यवाद दिन्छन् ।’उनका अनुसार ‘युट्राइन इन्भर्सन’ अर्थात् बच्चा जन्मिएपछि पाठेघर उल्टिने समस्यालाई जटिल मानिन्छ । त्यस्तो बेला बिरामीलाई अर्को ठाउँमा रेफर गर्ने विकल्प पनि रहँदैन । त्यसैले तत्काल सही उपचार नपाएमा अत्यधिक रक्तस्रावका कारण आमाको ज्यान जान्छ । यस्ता कैयन जटिल केसमा सफलता प्राप्त गर्दा आफ्नो अध्ययन, सिकाइ र जीवनको लक्ष्य नै सफल भएको अनुभूति हुने गरेको डा पण्डितको भनाइ छ । बच्चा पेटमा भएका बेला ब्लडप्रेसरका कारण कम्पन हुने समस्या र गर्भपतनको बेला पाठेघरमा प्वाल परेको समस्यालाई पनि सफलतापूवर्क निदान गरेको परिघटनाले थप जिम्मेवार बनाउने गरेको डा पण्डितको भनाइ छ । डा पण्डित अहिलेसम्मको अनुभव र सिकाइ अब सोही अस्पतालको श्रीवृद्धिमा प्रयोग गर्ने योजनामा छन् । ‘म निर्देशकको रुपमा आएपछि मुटुरोग सेवा सुरु गरिसकेका छौँ । अब चाँडै एमआरआई, क्याथल्याब, न्यूरो सर्जरी, क्यान्सरको सेवा सुरु गर्ने तयारीमा छौँ । त्यसबाहेक यहाँको फोहर व्यवस्थापनका लागि नागरिक र पूर्वाधार निर्माणका लागि सरकारले सक्दो सहयोग गरेमा गुणस्तरीय सेवा दिन हामी कटिबद्ध छौँ’, उनले योजना सुनाए ।

समस्या के छ ?

मधेस जनसंख्याको हिसाबले ठूलो र सबैभन्दा बढी जन्मदर भएको प्रदेश पनि हो । त्यस हिसाबले यहाँ पर्याप्त सरकारी अस्पताल र स्वास्थ्य पूर्वाधार हुनु आवश्यक छ । मुलुकमा सङ्घीयता आएपछि मधेसका दुई ठाउँमा सीमित प्रसूति शल्यक्रिया सुविधा सबैजसो मुख्य अस्पतालमा पुगे पनि त्यसलाई सुविधासम्पन्न बनाउन जरुरी रहेको डा पण्डितको भनाइ छ । त्यस्तै पाँच वर्ष पहिले यस प्रदेशमा शल्यक्रियामार्फत बच्चा जन्माउने दर पाँच प्रतिशतभन्दा कम थियो । त्यो विश्व स्वास्थ्य सङ्गठनको मापडण्डअनुसार सुरक्षित प्रसूति सेवाको पहुँच नपुगेको सङ्केत हो । तर सङ्घीयतापछिका वर्षमा सुरक्षित प्रसूति सेवा पुगेकै कारण देशको मातृ मुत्युदरप्रति १० लाखमा एक सय ५१ हुँदा मधेसमा भने एक सय ४२ हुनु सुखद् पक्ष भएको डा पण्डितले बताए ।
डा पण्डितका अनुसार लिङ्ग पहिचान गरी हुने गर्भपतन यहाँको अर्को डरलाग्दो समस्या हो । ‘गर्भपतनले कानुनी मान्यता नपाउनुभन्दा अघि महिलाले अकालमा ज्यान गुमाउनुपथ्र्यो । गर्भपतनको अधिकार पाएपछि भने ‘सेक्स सेलेक्टिभ एभोर्सन’ बढ्दै गएको छ । परिणामस्वरुप छोरीहरुले गर्भमै तुहिनुपर्ने अवस्था छ । त्यसै कारण त मधेसमा एक सय जना महिलामा एक सय १८ पुरुष छन्’, डा पण्डितले भने । उनका अनुसार धनुषाको अवस्था झन विकराल छ । यस जिल्लामा एक सय महिलामा एकसय ३६ पुरुष छन् । अल्ट्रासाउण्डबाट लिङ्ग पहिचान गरेर भ्रुण हत्या समयमै रोक्न नसकेमा लैङ्गिक सन्तुलनमा गम्भीर समस्या आउने छ । डा पण्डित चिकित्सकको भूमिकाका कारण निम्तिने अविश्वासको सङ्कट पनि समस्याका रुपमा रहेको धारणा राख्नुहुन्छ । त्यसैले उहाँ आवश्यक नभएको अवस्थामा पनि पैसाकै लागि डाक्टरले शल्यक्रिया गर्ने गरेको आरोप चिर्नुपर्ने आवश्यकता औँल्याउछन् ।

# दुर्घटनामा महिलाको मृत्यु, एक घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको बटेश्वरमा दुई मोटरसाइकल ठोकिँदा एक महिलाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् ।
मृत्यु हुने जिल्लाको बटेश्वर गाउँपालिका वडा नम्बर ५ स्थित शान्तिपुर बस्ने वर्ष ४० की रेखा देवी महतो छिन् भने घाइते हुनेमा स्थानीय गंगाराम महरा छन् ।
महतो बिहीबार साँझ ज १० प २५५ नम्बरको अपाचे मोटरसाइकलमा चढेर माइत जाँदै गर्दा अर्को दिशाबाट आउँदै गरेको प्रदेश २–००२–०१ प ६३६६ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएको थियो ।
सोही क्रममा पछाडिबाट फलाम बोकेर जाँदै गरेको ज १ त ५३ ५८ नम्बरको ट्रयाक्टरले महिलालाई ठक्कर दिएको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी दिए ।
गम्भीर घाइते भएकी रेखालाई उपचारका लागि जनकपुरधाम ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको छ भने घाइते महराको उपचार भइरहेको धनुषा प्रहरीले जनाएको छ ।
विपरीत दिशाबाट आउँदै गरेको मोटरसाइकल चालक बटेश्वर गाउँपालिका वडा नम्बर ३ का घाइते भएका गंगाराम महराको उपचार जनकपुरधाम स्थित अस्पतालमा भइरहेको प्रहरी निरीक्षक कार्कीले बताए ।
ट्र्याक्टरसहित तीनवटै सवारीलाई प्रहरीले ट्र्याक्टर चालक मिथिला नगरपालिका वडा नम्बर २ स्थित नक्टाझिजका प्रमोद ठाकुरलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक कार्कीले बताए ।




# जितियाको दोस्रो दिन कठोर निर्जल उपवास

*व्रत बस्नुअघि बिहीबार व्रती महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) र पिना प्रसादको रुपमा चढाइ परिवारका सबै सदस्यलाई खुवाएर आफूले पनि खाएका थिए ।*



**रासस**
**जनकपुरधाम ।**
सन्तानको दीर्घजीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको शुक्रबार दोस्रो तथा मुख्य दिन बिहान ५ बजेदेखि कठोर निर्जल उपवास क्रम सुरु भएको छ ।
शुक्रबार बिहान ४ बजे भगवान् जितुवाहनलाई दही, चिउरा, सख्खर, अमोट मिलाएर बनाइएको प्रसाद अर्पण गर्दै सोही प्रसादसँगै थप दही, चिउरा, सख्खर, चिन्नी, केरा, स्याउलगायत वस्तु ग्रहण गरेर (ओंगठन गरेर) सम्पूर्ण पुत्रवति मिथिलावासी महिला बिहान ५ बजेदेखि आउँदो ३०÷३१ घण्टाका लागि निर्जल एवं निराहार उपवास बसेका छन् । नेपालको मिथिला क्षेत्र तथा भारतमा पनि जितिया पर्व’का अवसरमा हिजो नहा खा (नुहाएर खानु) भन्ने मान्यताअनुसार व्रत सुरु भएको थियो भने निर्जल र निराहार उपवास क्रम आज बिहान ५ बजेबाट सुरु भएको हो ।
व्रत बस्नुअघि बिहीबार व्रती महिलाले नदी, तलाउ वा पोखरीमा नुहाएर सोही ठाउँमा घिरौलाको पातमा भगवान् जितमाहन र दिवङ्गत पितृलाई चिउरा, दही, अमोट (आँपको रसबाट तयार हुने खाद्य पदार्थ) र पिना प्रसादको रुपमा चढाइ परिवारका सबै सदस्यलाई खुवाएर आफूले पनि खाएका थिए ।
त्यसैगरी शुक्रबार) बिहान ५ बजेदेखि निराहार एवं निर्जल व्रत बसी आज (शनिबार) बिहान साढे १० बजेपछि मात्रै व्रत सम्पन्न गर्ने जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकले बताए । तराई मधेशका प्राय मधेशी तथा थारु महिलाले मनाउने यस पर्वमा महोत्तरीका सयौँ व्रतालुले जिल्लाको विग्ही, रातो जंगह्ा, अंकुशी नदी तथा पवित्र पोखरी लक्ष्मी सागर, बरुणसागर, भार्गव सरोवरलगायत पवित्र सरोवर र नदीमा स्नान गरेर जितमाहनको कथा सुन्ने गरिन्छ । यस्तोमा पाकाले भन्ने र तन्नेरीले सुन्ने चलन छ ।
व्रत बस्नु अघिल्लो दिनमै व्रतालुले विभिन्न जलाशयमा स्नान गरी घिरौलाको पातमा पिना, सख्खर र तोरीको तेलसहितका पदार्थ चढाउनु पर्छ ।
देवतालाई चढाएकै तेलमध्येबाट आ–आफ्ना शाखा सन्तानलाई पनि लगाइन्छ ।व्रतको पहिलो दिन पूजापछि कोदोको रोटी, नुनीको साग र माछा खाने चलन छ जसलाई स्थानीय भाषामा ‘माछ मरुवा (कोदो)’ भनिन्छ । व्रत बस्ने प्रत्येक महिलाले अनिवार्यरुपमा शुक्रबार कोदो र माछा खाने गर्छन् ।त्यसैगरी धार्मिक विधिपूर्वक शुक्रबार बिहानै काग कराउनुभन्दा पहिल्यै व्रती महिलाले ओंगठन सम्पन्न गर्नुपर्छ अर्थात् केही खानेकुरा ओठमा लगाउनुपर्छ ।
प्रायःजसो महिलाहरुले ओंगठनमा च्यूरा र दही खाने गरेको पाइन्छ । त्यसपछि सुरु हुन्छ विकट उपवासको क्रम ।
आश्विन कृष्ण पक्षको अष्टमीका दिन मनाइने यो व्रत कठोर खालको रहेको जलेश्वर नगरपालिका–८ पण्डित कालिकान्त झाले बताए ।
सन्तानको दीर्घ जीवन, पुत्र प्राप्ति तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्वको धार्मिक सांस्कृतिक तथा तान्त्रिक महत्व छ । यालना संस्कृत विद्यापीठ मटिहानीका प्राध्यापक धुरव रायले भने ‘यस पर्वले मिथिला महिलाको सांस्कृतिक भूमिका र महत्व पनि उजागर गर्छ ।’ पितृ पक्षमा मनाइने पर्वमा महिलाले आफँैले दिवङ्गत पितृलाई तर्पण दिन्छन् ।मिथिलाञ्चलमा मनाइने व्रतमध्ये जितिया व्रतलाई पवित्र व्रतको रुपमा लिइन्छ ।
उपवास बसेका दिन महिलाले डकार गरे अथवा मुखले खकार वा जिब्रो टोके भने व्रत असफल भएको मानिन्छ । त्यसैले होला यस पर्वलाई खड् जितिया पनि भनिन्छ । फेरि एक पटक असफल भएकी व्रती आजीवन व्रत बस्न पाउँदिनन् ।
राजा शालिवहानको राज्यमा एउटी महिलाका सात छोरालाई दैत्यले उठाएर लगेपछि राजाले सातजानै छोरालाई दैत्यबाट फिर्ता ल्याइदिएका कारण महिलाले त्यस दिनदेखि शालिवहानलाई ‘जितुमाहन’ नामकरण गरी राजाको सम्झनामा उपवास बस्न थालेकीले पौराणिक कालदेखि यो व्रत सुरु भएको कथन छ । जीवनमा एक पटक टुटेपछि पुनः गर्न नपाइने हुँदा प्राय महिलाले यो व्रत लिँदैनन् तर मिथिला क्षेत्रमा पुत्र हुने प्रत्येक महिलाले यो व्रत लिने गर्छन्। शुक्रवार मुख्य उपवासको दिन भएकाले महिलाले शुक्रबारका दिनलाई निकै महत्व दिनका साथै शनिबार व्रत सम्पन्न नहुञ्जलेसम्म निकै सतर्कता अपनाइन्छ ।

# भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००२, भाद्र १९ गते

मृत्यु
वि.सं. २०८०, भाद्र ११ गते
सोमबार, द्वादशी

## महामना राजेश्वर नेपाली

*प्रजातन्त्र, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रका २००७ सालका अथक योद्धा, नेपाली पत्रकारिताका भीष्म पितामह, प्रेस तथा प्रजातन्त्र स्वतन्त्रता सेनानी, साहित्य स्रष्टा, भाषा–साहित्य, धर्म–संस्कृतिका संरक्षक, इतिहासविद्, गुगल म्यान,* Encyclopedia, *क्रान्तिवीर अभिनन्दनीय एवम् अन्तर्राष्ट्रिय बौद्धिक व्यक्तित्व, यस संस्थाका आजिवन सदस्य र वरिष्ठ सल्लाहकार महामना* **राजेश्वर नेपाली** *ज्यू ८० वर्षको अल्पायुमा २०८० साल भदौ ११ गते सोमबार स्वर्ग सिद्धार्नु भएको हुँदा आज ४०औं दिनको अवसरमा दिवंगत आत्माको चीर शान्तिको कामनासहित कोटिश्च श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गर्न भगवान श्री राम एवम् सीतासँग करबद्ध प्रार्थना गर्दछौँ ।*

**मैथिली साहित्यकार सभाद्वारा आज अपरान्ह १ बजे महामना राजेश्वर नेपाली ज्यूको स्मरणमा काव्यात्मक श्रद्धाञ्जली सभा नेपाल पत्रकार महासंघ धनुषाको सभा हलमा आयोजना गरिएको छ।**

# मैथिली साहित्यकार सभा (परिवार)

जनकपुरधाम
मधेश प्रदेश, नेपाल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन